म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १४ अंक ९९ मंगलबार ४ मंसिर २०८१ ने. सं. ११४५ कछलागा 19 Noveber 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा

राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## हेटौंडामा खुला कविता प्रतियोगिता हुने

हेटौंडा, ३ मंसिर/हेटौंडामा खुला कविता प्रतियोगिता हुने भएको छ । यही मङ्सिर २९ गते प्रदेश युवा परिषद, बागमती प्रदेशको आयोजना एवम् साहित्य संगम मकवानपुरको व्यवस्थापनमा प्रतियोगिता हुन लागेको हो ।

प्रतियोगितामा प्रथम, द्वितीय, तृतीय र सान्त्वना हुनेले क्रमशः नगद ४० हजार, ३० हजार, २० हजार र १० हजार रुपैयाँसहित प्रमाणपत्र प्रदान गरिने साहित्य संगम मकवानपुरका अध्यक्ष डीबी बर्तौंलाले जानकारी दिए । जुनसुकै विषयमा मौलिक कविता रचना गरी प्रिती फन्टमा टाइप गरी पठाउनु पर्ने आयोजकले जानकारी दिएको छ ।

कविता पठाउने अन्तिम मिति मङ्सिर २० गते रहेको छ । प्राप्त कवितामध्ये उत्कृष्ट २० कविता छनोट गरी अन्तिम प्रतियोगितामा सहभागी गराइने संगमका अध्यक्ष बर्तौंलाले बताए । कवितालाई संगमको जिमेल आइडीमा पठाउन भनिएको छ ।

# हेटौंडा-१२ को उपनिर्वाचनमा कुन उम्मेदवार बलियो ?

प्रतिक्षा न्यौपाने

हेटौंडा, ३ मंसिर/ हेटौंडा-१२ को स्थानीय तह उपनिर्वाचनका लागि आइतबार १४ जनाले वडाअध्यक्ष पदका लागि उम्मेदवारी दर्ता गराएका छन् ।

मनोनयन दर्तासँगै उम्मेदवारहरु आक्रामक ढंगले चुनावी अभियानमा होमिएका छन् । १२ नम्बर वडाको उपनिर्वाचन जिल्लाका १०२ वडामध्ये एकमात्र स्थानमा हुन लागेको हो । जसकारण पनि राजनीतिक दलहरु कडा चुनावी अभियानका साथ आफ्ना उम्मेदवार जिताउन मैदानमा खटिएका छन् । उपनिर्वाचनले मकवानपुरमा दलहरुको पछिल्लो अवस्थालाई पनि चित्रण गर्ने भएकाले यसलाई विशेषरुपमा हेरिएको छ ।

०७९ वैशाखको निर्वाचनको अवस्थामा हाल ठूलो फेरबदल आइसकेको छ । त्यतिबेला राष्ट्रिय राजनीतिमा कांग्रेस, माओवादी, नेकपा (एकीकृत समाजवादी) एउटै चुनावीमोर्चामा थिए । १२ नम्बर वडामा भने कांग्रेस, एमाले, माओवादी एक्काएक्लै भिडेका थिए । हाल पनि सबै दलले आ-आफ्नै उम्मेदवारी दिएको छ । गत निर्वाचनमा राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र कमल थापा नेतृत्वको राप्रपा नेपाल चुनावी मैदानमा थिएन ।

रास्वपाका उम्मेदवारले चुनाव जित्ने सम्भावना न्यून रहेतापनि ठूलो संख्यामा भोट काट्न सक्ने आंकलन गरिएको छ । राप्रपा नेपालका सम्भावित उम्मेदवार पछाडि हटेर दलले राजेन्द्र लिङ्देन नेतृत्वको राप्रपाका उम्मेदवारलाई समर्थन गर्ने भएको छ । चुनावमा नयाँ पार्टी पनि सामेल हुनु र विगतको निर्वाचनपछि मात्रै झण्डै १६०० मतदाता थपिनुले १२ नम्बर वडाको निर्वाचनलाई विगतमा झैं सहजै अड्कल लगाउन मुस्किल छ ।

वडाअध्यक्ष पदका लागि नेकपा एमालेबाट राजेश नगरकोटी, नेपाली कांग्रेसबाट अर्जुन तिवारी,



नेकपा माओवादी केन्द्रबाट रविकुमार प्रधान, रास्वपाका आशावीर बल, नेकपा (एकीकृत समाजवादी)बाट बलराम बल, नेपाल मजदुर किसान पार्टीबाट फूलमाया तितुङ, जसपा नेपालबाट छविलाल वाइबा र मंगोल नेशनल अर्गनाइजेसनबाट दीपा लामाको उम्मेदवारी दर्ता भएको छ ।

राप्रपाबाट प्रेमबहादुर भ्लोनसहित ५ जनाले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । स्वतन्त्र उम्मेदवारी दिनेमा छत्रप्रकाश अधिकारी, गीताकुमारी नेवार, कुमार पोखेल, युनेश लामा सिंन्तान र अर्जुन घलान छन् । १४ जनाको उम्मेदवारी परेकोमा वडाअध्यक्षका लागि तीन दल नेपाली कांग्रेस, नेकपा एमाले र माओवादी केन्द्रको बीचमा रोचक त्रिपक्षीय भिडन्त पक्का छ ।

२०७९ वैशाखमा भएको स्थानीय तहको निर्वाचनबाट वडाअध्यक्षमा विजयी माओवादी केन्द्रका ललितबहादुर घलान जिल्ला समन्वय समिति मकवानपुरको प्रमुख भएपछि रिक्त पदमा १६ मंसिरमा उपनिर्वाचन हुँदैछ । घलान २०७४ मा पनि वडाअध्यक्षमा विजयी भएका थिए । नगरकोटी र तिवारी ३० वैशाख ०७९ मा भएको स्थानीय तह निर्वाचनमा पनि उठेका थिए । जसमा तिवारी दोस्रो र नगरकोटी तेस्रो भएका थिए । कांग्रेसका तिवारीले ०७४ को निर्वाचनमा घलानसँग नै पराजय भोगेका थिए ।

दोस्रोपटक लडिरहेका नगरकोटी र तेस्रोपटक चुनावमा होमिएका तिवारीका लागि यो निर्वाचन जसरी पनि जित्नुपर्नेछ । तिवारी कांग्रेस जिल्ला सदस्य र नगर कोटी एमाले निकट युवा संघको जिल्ला अध्यक्ष हुन् । माओवादीका रविनलाई चुनाव जितेर १२ नम्बर वडामा पार्टीको बिरासत जोगाइराख्ने चुनौती छ । उनले जित्दा यो वडामा तीनपटक माओवादीको जित हुनेछ ।

माओवादीलाई गुमेको वडाअध्यक्ष फिर्ता गर्ने चुनौतीका लागि एमालेलाई साख जोगाइराख्ने र कांग्रेसलाई पहिलोपटक जितको झण्डा गाड्ने अवसरका रुपमा हेरिएको छ । यस वडामा कांग्रेसले हालसम्म चुनाव नजितेको नेपाली कांग्रेस मकवानपुरका पूर्वसभापति माइकल रामचन्द्र अर्यालले जानकारी दिए । 'अब कांग्रेसले जित्छ' उनी भन्छन् ।

१२ नम्बर वडामा राप्रपा उम्मेदवार भ्लोन र रास्वपाका बललाई कमजोर आँक्न नहुने ठूला दलका प्रतिनिधिहरु नै स्वीकार गर्छन् । राप्रपाका भ्लोनले विगतमा आएको पार्टीको मतलाई बढाउँदा र रास्वपाका बलले मत तान्दा गत निर्वाचनको भन्दा फरक मत परिणाम आउने देखिन्छ । २०७९ को निर्वाचनमा राप्रपाका शरनसिं थिङले १८३ मत पाएका थिए । कडा चुनावी प्रतिस्पर्धामा ठूलो मतअन्तरको हार जित नहुने आंकलन गरिएको छ ।

### गत निर्वाचनमा कसको कति मत ?

२०७९ मा भएको स्थानीय तहको निर्वाचनमा ललितबहादुर घलानले एक हजार ३७१ मत पाएका थिए । उनका प्रतिस्पर्धी कांग्रेसका तिवारीले एक हजार ३४० मत र एमालेक नगरकोटीले एक हजार ३२५ मत पाएका थिए । गत निर्वाचनमा तीन दलका उम्मेदवार बीचको मतान्तरमा खासै फरक छैन ।

विजय भएका माओवादीका घलान र दोस्रो भएका कांग्रेसका तिवारी बीच ३१ मतको मात्र फरक थियो । यस्तै विजयी घलान र तेस्रो भएका एमालेका नगरकोटी ४६ मतको अन्तर थियो । दोस्रो भएका तिवारी र नगरकोटीबीच भने १५ मतको मात्र फरक थियो ।

### थपिएको मत नै निर्णायक

त्यति मात्र नभई, वडामा थपिएका नयाँ मतदाताको मत कसलाई धेरै जान्छ भन्ने विषय महत्वपूर्ण छ । १२ नम्बर वडामा १५८८ जना नयाँ मतदाता थपिएका छन् । ३० वैशाख ०७९ मा भएको निर्वाचनपछि १२ नम्बर वडामा नयाँ मतदाता थपिएको प्रदेश निर्वाचन आयोगको कार्यालय हेटौंडाले जानकारी दिएको छ । थपिएको मत नै निर्णायक देखिन्छ ।

आयोगको कार्यालयले १२ नम्बर वडामा कुल ८ हजार ५३ मतदाता कायम गरेको छ । ३८७८ पुरुष, ४१७४ महिला र अन्य १ जना मतदाता छन् । यसअघि ६४६५ मतदाता थिए । दुई स्थानमा मतदान केन्द्र स्थापना गरिएको छ । प्रतिभा आधारभूत विद्यालय सिग्रेनीमा पाँचवटा बुथ र विष्णुज्योति आधार भूत विद्यालय भोर्लेमा चारवटा बुथ रहने कार्यालयका प्रमुख हरिप्रसाद ढकालले जानकारी दिए ।

# बागमतीमा कानुन बनेपछि पहिलोपटक पोल्ट्रीलाई १० लाख जरिवाना

साझाकुरा संवाददाता

हेटौंडा, ३ मंसिर/ बागमती प्रदेशमा कानुन बनेको ३ वर्षपछि पहिलोपटक दुईवटा पोल्ट्री फार्मलाई कारबाहीसहित १० लाख रुपैयाँ जरिवाना तिराइएको छ ।




प्रदेशको कृषि तथा पशुपन्छी विकास मन्त्रालयले प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृतअगावै कानुन विपरित फार्म सञ्चालनमा ल्याइएकोले भक्तपुरको सूर्यविनायक नगरपालिका-८, स्थित जि.जे पोल्ट्री प्रालि र काभ्रेको पनौती नगर पालिका-६ मा रहेको सफल कृषक ह्याचरी एण्ड ब्रिडिङ फार्म प्रालिलाई जनही ५-५ लाख रुपैयाँ जरिवाना तिराएको हो ।

कृषि मन्त्रालय मातहतको वातावरणीय अध्ययन प्रतिवेदनको जाँचबुझ गरी सुझाव प्रदान गर्न गठित समितिको सिफारिसमा प्रदेशकै वन तथा वातावरण मन्त्रालयले जरिवाना गराउने निर्णय गरेको थियो । कृषि मन्त्रालयका योजना तथा अनुगमन महाशाखाप्रमुख सुजन कंडेलको अध्यक्षातामा रहेको समितिले पोल्ट्री फर्मको अनुगमनमा कानुनविपरित सञ्चालनमा आएको देखिएपछि कारबाहीका लागि कृषि मन्त्रालय हुँदै वन मन्त्रालयमा सिफारिस गरेको थियो ।

जि.जे र सफल कृषक पोल्ट्री प्रारम्भिक वातावरणीय परीक्षण स्कीकृतिका लागि कृषि मन्त्रालयमा प्रतिवेदन पेश गरेको थियो । प्रतिवेदनउपर जाँचबुझ समितिले स्थलगत निरीक्षण गर्दा काननुविपरित सञ्चालनमा आइसकेको भेट्टाएको कृषि मन्त्रालयका कानुनअधिकृत राजेश तामाङले बताए ।

सफल कृषक ह्याचरीले प्यारेन्ट कुखुरापालन र ह्याचिङ युनिट सञ्चालनका लागि र जि.जे पोल्ट्रीले ह्याचिङ युनिट स्तरोन्नती तथा निर्माणकार्य सञ्चालन गर्ने प्रयोजनका लागि वातावरणीय परीक्षण स्कीकृति मागेका थिए ।

गत १७ भदौमा जिजे पोल्ट्री प्रालिलाई ५ लाख ५ हजार र ६ कार्तिकमा पनौतीको सफल कृषक ह्याचरीलाई ५ लाख १ हजार रुपैयाँ जरिवाना गर्ने वन मन्त्रालयबाट मन्त्रीस्तरीय निर्णय भएको छ । दुवै फर्मले जरिवाना तिरिसकेको कृषि मन्त्रालयका कानुन अधिकृत तामाङले जानकारी दिए । जरिवाना तिरेकाले जिजे प्रालिको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन स्वीकृत भइसकेको उनले बताए । सफल कृषकको भने प्रतिवेदन स्वीकृतिको चरणमा रहेको मन्त्रालयले जनाएको छ ।

वातावरण संरक्षण ऐन, २०७७ को दफा ४ को उपदफा (१) मा 'कसैले पनि प्रचलित कानुनबमोजिम वा यस दफा बमोजिम तयार गरिएको वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत कुनैपनि प्रस्ताव वा आयोजना वा परियोजना वा कार्यक्रम कार्यान्वयन गर्न/गराउन हुँदैन' भन्ने उल्लेख छ ।

ऐनको दफा २७ को उपदफा (१) को खण्ड (ख)मा प्रारम्भिक वातावरणीय परीक्षण स्कीकृत नगराई वा स्वीकृत प्रतिवेदनको विपरित हुनेगरी कुनै प्रस्ताव कार्यान्वयन गरेमा त्यस्तो कार्य रोकी १० लाख रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ ।

**जग्गा बिक्रीमा**

हेटौंडा उपमहानगरपालिका-४, ॐ आयल पछाडि रहेको **दुर्गा खाजा घर** संचालनमा रहेको १५ धुर जग्गामा बनेको घरसहित जग्गा बिक्रीमा रहेकोले खरिद गर्न इच्छुकले सम्पर्क राख्नुहोला ।

**सम्पर्क :**
**९८५११८३३२३ (सुजित कावर)**

# तेस्रो नागस्वती भेट्रान्स कपको तयारी पूरा



साझाकुरा संवाददाता

हेटौंडा, ३ मंसिर/ हेटौंडामा दुई लाख राशीको राष्ट्रिय भेट्रान्स कप फुटबल प्रतियोगिता हुने भएको छ । आयोजक नागस्वती भेट्रान्स क्लबले ४ मंसिरदेखि ८ गतेसम्म हुने तेस्रो राष्ट्रिय रनिङशिल्ड 'एट ए' साइड फुटबल प्रतियोगिताको तयारी पूरा भएको जनाएको छ ।

क्लबका अध्यक्ष सोम बहादुर तितुङले प्रतियोगितामा देशभरका ४० वर्ष माथि उमेर समूहका खेलाडीको सहभागिता रहने बताए । प्रतियोगितामा विजेतालाई २ लाख १ हजार र उपविजेतालाई एक लाख १ हजार नगदसहित शिल्ड पुरस्कार रहेको क्लबका अध्यक्ष तितुङले बताए । उनले प्रतियोगितामा देशभरका १५ वटा क्लबको सहभागिता रहेको जानकारी दिए ।

प्रतियोगिताको लागि २० लाख रुपैयाँ खर्च अनुमान गरिएको छ । 'स्वास्थ्यका लागि खेलकुद' भन्ने नाराकासाथ आयोजना गर्न लागेको प्रतियोगिताले पूर्वखेलाडीको मनोबल उच्च राख्न सहयोग पुग्ने उनले विश्वास लिए । चार वर्षअघि स्थापना भएको यस क्लबले दुईपटक प्रतियोगिताको उपाधि आफैंले जितेको थियो । प्रतियोगिताको उद्घाटन खेल आयोजक नागस्वती भेट्रान्स र एन.जेजे.भिसी भेट्रान्स सिमराबीच हुनेछ । दोस्रो खेल हेटौंडा भेट्रान्स र पश्चिम चितवन भेट्रान्सबीच हुने आयोजले जनाएको छ ।

**पालुङ बहुउद्देश्यीय सहकारी संस्था लि.**

थाहा नगरपालिका, मकवानपुर

**२५ औं बार्षिक साधारणसभासम्बन्धी सूचना**

(दोस्रो पटक प्रकाशितः २०८१/७/२९)

यस संस्थाको संचालक समितिको निर्णयानुसार २५ औं बार्षिक साधारण सभा निम्न मिति, समय र स्थानमा देहायका बिषयमा छलफल तथा निर्णयका लागि बस्ने भएको हुँदा तपाई शेयरधनी सदस्यज्यूलाई उक्त सभामा गरिमामय उपस्थितिका लागि हार्दिक अनुरोध गरिन्छ ।

**साधारणसभा हुने**

मिति : २०८१ मंसिर २९ गते शनिबार
समय : बिहान १०:०० बजे
स्थान : संस्थाको प्राङ्गण, थाहा नगरपालिका-४, थानाबजार

**छलफलका विषयहरु**

१. २५ औं वार्षिक साधारणसभाको लागि सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूको प्रतिबेदन सम्वन्धमा ।
२. आ.व. २०८०/०८१ को लेखापरीक्षण प्रतिवेदनसहितको आर्थिक प्रतिवेदन सम्बन्धमा ।
३. २५ औं वार्षिक साधारणसभामा लेखा सुपरीवेक्षण समितिको प्रतिवेदन सम्बन्धमा ।
४. आ.व. २०८१/०८२ को प्रस्तावित कार्यक्रम तथा बजेट सम्बन्धमा ।
५. आ.व. २०८१/०८२ को लेखापरीक्षक नियुक्ति र निजको पारिश्रमिक तोक्ने सम्वन्धमा ।
६. संस्था एकीकरण (गाभ्ने), प्राप्ति गर्ने र सेवा केन्द्र थप गर्ने सम्बन्धमा ।
७. शेयर लाभांश वितरण सम्बन्धमा ।
८. कोषहरु खर्च गर्ने सम्बन्धमा ।
९. संस्थाको नाममा कायम भएका जग्गाहरु बिक्री गर्ने सम्बन्धमा ।
१०. बाह्य दायित्व स्वीकार तथा दायित्व मिनाहा सम्बन्धमा ।
११. साधारणसभाको निर्णय पुस्तिका प्रमाणित गर्ने प्रतिनिधि छनौट गर्ने सम्बन्धमा ।
१२. विविध ।

**भवदीय**
**(नवराज विष्ट)**
**सचिव**

**सम्पूर्ण ब्राण्डका गाडी**
**एकै ठाउँमा सम्पूर्ण सेवासहित**

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- मेशिनद्वारा A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- हेटौंडामै पहिलो पटक $N_2$ (Nitrogen) हावा टायरमा भरिने
- इन्जिनसम्बन्धी सबै काम

**Himalayan Motors Pvt.Ltd.**
हेटौंडा, चौकीटोल,
सम्पर्क नं.: ०५७-५९०३३३

साझाकुरा

## हाम्रो कुरा

# हेटौंडा-१२ को निर्वाचन

हेटौंडा उपमहानगरपालिकाको १२ नम्बर वडामा स्थानीय तह उपनिर्वाचनका लागि १४ जनाको उम्मेदवारी परेको छ । वडाअध्यक्ष बन्न यति धेरैले इच्छा देखाएका छन् । यो निर्वाचन ठूला दलका लागि साख जोउने खुड्कीलो पनि हुनसक्छ । ठूला दलहरुको हर्कतले वाक्क भएका सर्वसाधारणले स्वतन्त्र उमेदवारलाई मतदान गर्ने सम्भावना पनि प्रचुर छ । हेटौंडा-१२ को उपनिर्वाचनमा ५ जना स्वतन्त्र उम्मेदवार छन् । धेरै स्वतन्त्र उमेदवार भएकै कारण मत बिभाजन भएर अन्तत ठूला दललाई नै सहयोग पुग्ने सम्भावना पनि छ । मुख्य निर्वाचन अधिकृतको कार्यालय, हेटौंडा-१२ मा आइतबार नेपाली कांग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र, राप्रपा, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), नेकपा (एकीकृत समाजवादी), जसपा, नेपाल मजदुर किसान पार्टीसहित स्वतन्त्र उम्मेदवार गरी १४ जनाले मनोनयन दर्ता गराएको निर्वाचन कार्यालयले जानकारी दिएको छ । २०७९ वैशाखमा भएको स्थानीय तहको निर्वाचनबाट वडाअध्यक्षमा विजयी ललित घलान जिल्ला समन्वय समिति मकवानपुरको प्रमुख भएपछि रिक्तपदमा उपनिर्वाचन हुन लागेको हो । घलान माओवादी केन्द्रबाट निर्वाचित भएका थिए ।

वडाअध्यक्ष पदका लागि नेकपा एमालेबाट राजेश नगरकोटीले उम्मेदवारी दर्ता गराए । बखानसिंह घलान प्रस्तावक र अर्जुनप्रसाद अर्याल समर्थक छन् । नेपाली कांग्रेसबाट अर्जुन तिवारीले सुदर्शनप्रसाद लामाको प्रस्ताव र सरणबहादुर घलेको समर्थनमा मनोनयन दर्ता गराएको निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ । नगरकोटी र घलान ३० वैशाख ०७९ मा भएको स्थानीय तह निर्वाचनमा पनि उठेका थिए । जसमा तिवारी दोस्रो र नगरकोटी तेस्रो भएका थिए । यस्तै, नेकपा माओवादी केन्द्रबाट रविकुमार प्रधानको उम्मेदवारी परेको छ । प्रधानले उम्मेदवारीमा माधव प्रसाद प्रस्तावक र चन्द्रप्रसाद घलान समर्थक छन् । रास्वपाका आशावीर बलले उम्मेदवारी दर्ता गराए । राजदेव लामाको प्रस्ताव र चन्द्रबहादुर स्याङ्तानको समर्थनमा बलले उम्मेदवारी दर्ता गराएका हुन् । रास्वपाले पहिलोपटक वडामा निर्वाचन लड्दैछ । नेकपा (एकीकृत समाजवादी)बाट बलराम बलको मनोनयन दर्ता भएको छ । नेपाल मजदुर किसान पार्टीबाट फूलमाया तितुङ, जसपा नेपालबाट छविलाल वाइबा र मंगोल नेशनल अर्गनाइजेशनबाट दीपा लामाको उम्मेदवारी दर्ता भएको छ । राप्रपाबाट प्रेमबहादुर भ्लोनले मनोनयन दर्ता गराए । राप्रपा उम्मेदवार भ्लोनलाई कमल थापा नेतृत्वको राप्रपा नेपालले समर्थन गर्ने भएको छ । राप्रपा नेता तथा प्रतिनिधिसभा सदस्य दीपकबहादुर सिंह र राप्रपा नेपाल मकवानपुर अध्यक्ष गुरुप्रसाद सापकोटाबीच आइतबार बसेको बैठकले भ्लोनलाई राप्रपा नेपालले समर्थन गर्ने सहमति जुटेको राप्रपा सहकोषाध्यक्ष सन्दिप सापकोटाले बताए ।

२०७९ को स्थानीय तह निर्वाचनमा राप्रपाबाट उम्मेदवार बनेका सरणसिंह थिङले १८३ मत ल्याएका थिए । १२ नम्बर वडाको उपनिर्वाचनमा ५ जनाले स्वतन्त्र उम्मेदवारी दर्ता गराएका छन् । छत्रप्रकाश अधिकारी, गीताकुमारी नेवार, कुमार पोखेल, युनेश लामासिंन्तान र अर्जुन घलानको उम्मेदवारी परेको निर्वाचन अधिकृतको कार्यालयले जानकारी दिएको छ । १२ नम्बर वडामा १५८८ जना नयाँ मतदाता थपिएका छन् । ३० वैशाख ०७९ मा भएको निर्वाचनपछि १२ नम्बर वडामा नयाँ मतदाता थपिएको प्रदेश निर्वाचन आयोगको कार्यालय हेटौंडाले जानकारी दिएको छ । आयोगको कार्यालयले १२ नम्बर वडामा कुल ८ हजार ५३ मतदाता कायम गरेको छ । ३८७८ पुरुष, ४१७४ महिला र अन्य १ जना मतदाता छन् । यसअघि ६४६५ मतदाता थिए । दुई स्थानमा मतदान केन्द्र स्थापना गरिएको छ । प्रतिभा आधारभूत विद्यालय सिग्रेनीमा पाँचवटा बुथ र विष्णुज्योति आधारभूत विद्यालय भोर्लेमा चारवटा बुथ रहने कार्यालयप्रमुख हरिप्रसाद ढकालले जानकारी दिए ।

# माओवादी आन्दोलनले दमननाथलाई सम्झिनैपर्ने कारण



✍ डा. बाबुराम भट्टराई

२०४६ को राजनीतिक परिवर्तनपछि माओवादीका मुख्य नेताहरू चुनाव नलड्ने नीति थियो । तर संसदीय मोर्चा हेर्ने जिम्मेवारी मलाई दिइएको थियो । सोही विषयमा दमननाथ ढुंगानाजीसँग मेरो भेटघाट भइराख्थ्यो । दमनजी समकालीन नेपाली इतिहासको एउटा विशिष्ट लोकतान्त्रिक व्यक्तित्व हुनुहुन्थ्यो ।

पञ्चायतकालको अन्त्य बेलादेखि बहुदलकाल हुँदै माओवादी जनयुद्ध र पछिल्लो कालखण्डसम्म व्यक्तिगत रूपमा उहाँसँग मेरो असाध्यै निकटको सम्बन्ध रह्यो । उहाँको आकस्मिक निधनबाट म असाध्यै दु:खी भएको छु ।

उहाँको विषयमा मूल्याङ्कन गर्नुपर्दा मेरो आफ्नै बुझाइ छ । उहाँ आफ्नो विचार, राजनीति, निष्ठा, नैतिकता, कटिबद्धपूर्ण र प्रतिबद्ध व्यक्ति हुनुहुन्थ्यो । हाम्रो राजनीति अहिले स्खलित भएको बेला छ । मान्छे एउटा भन्छ, अर्को गर्छ । लोकतान्त्रिक भनेर अलोकतान्त्रिक हर्कत गर्छ । कम्युनिस्ट भन्छ, गैरकम्युनिस्ट हर्कत गर्छ ।

दमनजीले आफ्नो निरन्तर उदारवादी लोकतन्त्रको पक्षधरता सुरूदेखि अन्तिमसम्म निष्ठापूर्वक कायम राख्नुभयो । उदाहरणका निम्ति ०४६ सालको राजनीतिक परिवर्तनपछि ०४८ सालमा उहाँ सभामुख बन्नुभयो । म पनि संयुक्त जनमोर्चाको संयोजकको नाताले संसदीय गतिविधि नियालिराखेको हुन्थेँ । यस अर्थमा मैले दमननाथ ढुंगानाजीलाई तीन खण्डमा सम्झेको छु । पहिलो, उहाँले त्यतिबेला धैर्यतापूर्वक संसद सञ्चालन गर्नुहुन्थ्यो । संसद विपक्षीहरूकै हो भन्ने मान्यता राख्नुहुन्थ्यो । त्यो उहाँको निष्ठाको परिचय थियो ।

०५२ सालपछि जब हामीले संसदीय व्यवस्था पूर्ण छैन, गणतन्त्र ल्याउनु पर्छ र संविधान सभाबाट संविधान बनाउनुपर्छ भन्ने विषय उठायौं । उहाँ कांग्रेसमा रहे पनि निरन्तर संविधान सभाको पक्षधर बन्नुभयो ।

दोस्रो, कम्युनिस्ट आन्दोलनभित्र माओवादीमा पनि संविधान सभाबारे त्यति प्रस्ट थिएन । कांग्रेस र एमालेतिर त संविधान सभाको कुरै गर्न चाहदैनथे । त्यतिबेला पनि उहाँमात्रै त्यस्तो व्यक्ति सम्झन्छौँ, जसले माओवादीलाई समेट्न संविधान सभा निर्वाचन उपयुक्त हुन्छ भनेर अडान लिनुभएको थियो ।

तेस्रो, माओवादीलाई हेर्ने दृष्टिकोण कांग्रेसको नकारात्मक थियो । हामीलाई उनीहरू बाटो बिराएका मुर्खहरू, आतङ्ककारीहरू भन्ने सोचका साथ हेर्थे । तर उहाँ(दमननाथ) आफैँ राजनीतिशास्त्री, कानुनको जानकार र एउटा ज्ञान भएको व्यक्ति भएकाले पनि विद्रोह किन हुन्छ भन्ने राम्रो जानकार हुनुहुन्थ्यो ।

जनयुद्धकालमा रोल्पा लगायत तत्कालीन माओवादीको आधार क्षेत्रमा पुगेर केन्द्रीय तहका नेतासँग भेटेर उहाँले 'जबसम्म खाओवादी रहन्छन्, त्यतिबेलासम्म माओवादी जन्मन्छन्' भन्नुहुन्थ्यो । माओवादी भनेको समाजको विकृतिको उपज हो भन्ने उहाँको भनाइ थियो । यसको अर्थ उहाँ असाध्यै निष्ठा र अडानमा उभिने व्यक्तित्व रहेको मेरो बुझाइ हो ।

उहाँको देहान्त भएपछि धेरैले शान्ति प्रक्रियामा यो गर्नुभयो वा त्यो गर्नुभयो भन्न खोज्छन् । यथार्थ कुरो- नेपालको शान्ति प्रक्रिया, माओवादी जनयुद्ध राजनीतिक थियो । त्यतिबेला सरकारसमक्ष शान्तिपूर्ण ढंगले हामीले माग राखेका थियौं । संविधान सभामार्फत् गणतन्त्रमा जाने हाम्रो बटमलाइन थियो । तर त्यो कुरा अरूले बुझ्दैनथे । वार्तास्थलमा अरू पनि धेरै आउँथे । हामीले माओवादीलाई सहजीकरण गर्यौंरु भनेर अहिले पनि धेरैले गफ दिन्छन् । तर दमनजी र पद्मरत्न तुलाधरसँग त्यतिबेला पनि भूमिगत रूपमा भेटघाट गर्थ्यौं । हामीले 'संविधान सभाबाट संघीय गणतन्त्र स्थापना' हाम्रो बटमलाइन भएको बताउँथ्यौं ।

उहाँले 'मैले बुझें' भन्नुहुन्थ्यो । पछि पनि उहाँले जबसम्म संविधान सभा र संघीय गणतन्त्र मानिँदैन, तबसम्म माओवादी शान्ति प्रक्रियामा आउँदैन भनेर सबैलाई भनेपछि बल्ल वातावरण बनेको थियो । त्यस अर्थमा उहाँ र पद्मरत्नको भूमिका धेरै महत्त्वपूर्ण थियो । त्यसैले उहाँका यी सकारात्मक कुरालाई ग्रहण गर्दै संघीय लोकतान्त्रिक गणतन्त्रका कमी-कमजोरी औंल्याउँदै अगाडि लैजान सक्यौं भनेमात्र उहाँप्रति सच्चा श्रद्धाञ्जली दिएको ठहरिन्छ ।

०७२ सालपछि मैले माओवादी परित्याग गरेर नयाँ युगको नयाँ अवस्थाबारे समुन्नत लोकतान्त्रिक समाजवाद चाहिन्छ भनेर नयाँशक्ति अभियान सुरू गरेँ । त्यसपछि मेरो र उहाँ(दमननाथ)बिच पटक-पटक सम्पर्क पनि भयो । उहाँसँग अन्तरङ्ग छलफल भएको पनि म सम्झन्छु । उहाँ पुरानै ढंगबाट लोकतन्त्र अब चल्दैन भन्नुहुन्थ्यो । कम्युनिस्ट पनि जड बाटोबाट जान हुँदैन, अगाडि जाने बाटो नै ठिक छ भन्ने विषयमा सहमति व्यक्त गर्नुहुन्थ्यो ।

उहाँ आफूलाई लागेको कुरा निडर भएर भन्ने गर्नुहुन्थ्यो । कांग्रेसप्रति नै उहाँको निष्ठा थियो तर पनि कसैसँग पनि नडराइ आफ्ना कुरा भन्नुहुन्थ्यो । लोकतन्त्र भनेको निरन्तर विकसित गर्ने कुरा हो । कुनै पार्टीमा आबद्ध भएकाको मात्रै यो ठेक्का हुँदैन । एकचोटी लिएको नीति सधैँ ठिक हुँदैन । निरन्तर परिवर्तन हुन्छ भन्ने जुन मान्यता हामी राख्छौं । यो विषयमा दमनजीसँग निकटता भएको म पाउँछु ।

माओवादीबाट दोस्रो वार्ताकालमा नेतृत्व गर्दै शान्ति प्रक्रियामा म आएँ । त्यतिबेला अरू मान्छेले माओवादीको माग र मान्यतालाई नबुझ्ने । 'अँ अँ' गर्ने भावनात्मक कुरा गर्ने तर कसरी मिल्ने वा नमिल्ने, विषय के हो भन्न नसक्ने थिए । त्यतिबेला दमनजीसँग पनि कुरा गर्थें । हाम्रो मुख्य माग संविधान सभा थियो । त्यो उहाँले बुझ्नुभएको थियो । संविधान सभा निर्वाचित लोकतन्त्रको सर्वोत्तम रूप हो भन्ने मार्क्सवादी भाषा हो ।

यद्यपि संविधान सभा कम्युनिस्ट सिद्धान्त होइन । खासगरी लेनिनले रुसमा सन् १९१८ संविधान सभा विघटन गरे । यो लोकतन्त्रवादीहरूको हो भनेपछि प्रभावित भएर दमननाथजीले अरूलाई सम्झाउनु भएको थियो । त्योचाहिँ अहिले पनि राम्रोसँग सम्झन्छु । त्यसैले शान्ति प्रक्रियालाई अगाडि बढाउन उहाँले धेरै मेहनत गर्नुभएको छ । मेरो मुख्य कुरा, लोकतान्त्रिक मूल्य, मान्यता सबैले आत्मसात गर्नुपर्यो । त्यसलाई आफूले पालना गर्नुपर्यो । यो मामिलामा उहाँ अन्यभन्दा बढी प्रतिबद्ध हुनुहुन्थ्यो । सभामुख त आउँछन्, जान्छन् । यो निरन्तर प्रक्रिया हो ।

*(साभार: रातोपाटी)*

# तिमीहरुको राजनीतिले जनतालाई के दियो ?



✍ दामोदर पौडेल

पकिस्तानका बारेमा एउटा भनाइ छ- हरेक देशको लागि सेना हुन्छ तर सेनाको लागि एउटा देश छ, त्यो हो पाकिस्तान । धेरै देशमा नेताहरु छन् र उनीहरु जनताको लागि हुन्छन् । अब नेपालमा चाहिँ राजनीति छ र नेताहरु छन्, नेपाल देश जनता र सेनाको लागि हैन बरु राजनीतिज्ञहरुको लागि हो भने कसो होला ? राजनीतिमा धेरै कार्य सहज पनि छन् । जसरी पनि, जे गरेर पनि, सत्तामा जाने कार्य नेपालमा हुन्छ । अघिल्लो दिनसम्म दुस्मन र देशको दुर्गतिको कारण भनिएको व्यक्ति र दल अर्को दिनमा सत्ता साझेदार बन्नासाथ साह्रै राम्रो हुन्छ ।

देशमा अरुलाई नराम्रो भन्ने कुन दलले अर्को नराम्रो भनेको दलसँग मिलेर सरकार चलाएको छैन र ? एउटासम्म उदाहरण छ ? सबैभन्दा मज्जा त त्यति बेला आउँछ, जति बेला सत्तामा जानको लागि हामी कम्युनिस्टहरु एक हुनुपर्छ र जनताको पनि चाहना त्यही हो भनिन्छ ।

अर्को केही समयपछि सरकार ढल्छ तब ऊ, त्यो पार्टी त कम्युनिस्ट नै हैन भन्न थालिन्छ । जनताको लागि कहिले हामी कम्युनिस्टहरु मिल्नुपर्छ भन्ने, खाने, पचाउने अनि नमिल्ने अवस्था आएपछि त्यो कम्युनिस्ट नै हैन र एकले अर्कोलाई जनतालाई झुक्याएको हो भन्ने आरोप लगाउने र यो भनाइ दोहोरिरहने ? यो जनताको नाममा राजनीति हो कि नेताहरुलाई जे गरे पनि छुट हुने राजनीति हो ?

सामान्य जनताको भाषामा भन्दा ठूला दलहरुका हली, गोठालाहरुले धेरै ताबेदारी र विश्वास पात्र बन्न सकेमा मन्त्री, मनोनीत ठूला पदहरु, राजदूत, सल्लाहकार, महानिर्देशक आदि धेरै पदहरु छन् । ती पदहरु धेरै छन्, त्यसका आकांक्षीहरु त कति धेरै छन् कति । ती आकांक्षीहरुमा पढेलेखेका, पीएचडी गरेका, प्राध्यापक भएका, अधिवक्ता वा त्यसमा वरिष्ठ भएका, विदेशबाट धेरै अध्ययन गरेकादेखि कैयौं प्रमाणपत्रहरु पाएका मानिसहरु अर्थात् विद्वान्हरु दलहरुका हनुमान बनेर लागेका छन् । केही सधैं हनुमानगिरी गरिरहेका छन् ।

कोही चुनावको बेलामा मात्र सटिक हनुमान बन्छन् । जनता झुक्किन बानी नै परेका छन् । त्यसैले यो देश नेताहरुले राजनीति गर्नको लागि बनेको छ । पढेको विद्वान् वर्ग यस्तो रहेछ कि उनीहरुलाई इज्जत र रबाफको लागि पदको आवश्यकता पर्दो रहेछ, त्यसको लागि ऊ जता पनि लाग्न सक्दो रहेछ । पद पाउने आशामा गलत गरेर देश बिगार्नेहरुको पछि पनि लाग्दो रहेछ ।

देशमा सरकारवादी मुद्दा पनि चल्छ, तर धेरै गलत गर्नेहरुले मिलेर एउटा गल्ती प्रमाणित नभएकोलाई कानुनको दुरुपयोग गरेर लामो समयसम्म दु:ख पनि दिन सक्छन् भन्ने उदाहरणसमेत नेपाल नै होला कि ? सरकारवादी मुद्दा यस्तो मुद्दा हो र आवश्यक पनि छ तर सरकारमा रहने धेरैले चाहेमा त्यो मुद्दाको दुरुपयोग गरेर मानिसलाई दु:ख दिइरहन सक्छन् । दु:ख पाउनेले पाइरहन सक्छ । एउटा मुद्दा सकियो, अर्को मुद्दा चलाएर दु:ख दिने कार्यको निरन्तरता दिन सकिन्छ ।

तर पनि कानुन बाध्य छ, अदालत र न्यायाधीशहरु बाध्य छन् । उनीहरुले कानुनको दुरुपयोग सहनुपरेको छ । किनकि न्यायाधीशहरुसमक्ष मुद्दा निर्णयको लागि आउँदा नै धेरै समय बितेको हुन्छ, थुनिनेले धेरै दु:ख पाइसकेको हुन्छ । त्यसको सटिक उपचार त पाँच वर्षमा आउने चुनाव नै हो र बाध्यता पनि हो, त्यो समयसम्म पर्खनुपर्छ । तैपनि ती मैला गल्तीहरुलाई सफा गर्न सजिलो छैन । बेइमानहरु विभिन्न गफका रंग लगाएर मैलोलाई कृत्रिम सफा गर्दछन् ।

चुनाव त अक्कल लगाउनेहरुले नक्कली गहना बेच्ने थलो पनि बन्दछ । के गर्ने ? चुनावको विकल्प झनै नराम्रो छ । राजालाई अधिकार दिने कि, हामीले यति मार्यौं मत दिए मार्नेछैनौं वा शान्ति दिनेछौं भन्नेलाई मत दिने कि ? त्यसैले केही भाटहरु, भट्टाहरु, पदको लागि जनतालाई अलमल्याउनेहरुबाट मतको लागि पैसा कुम्ल्याउने तर जनतालाई भ्रम दिनेहरुलाई मत दिनबाट बच्न सके भने र उनीहरुको पैसा, खाना, रक्सी मासु आदि खाएर पनि मत भ्रष्टाचारमा लिप्न नहुने वा नभएका लोकतन्त्रका पक्षधरहरुलाई दिन सके भने केही आशा छ ।

अन्यथा गलतलाई मत दिनेहरुले कि मत दिन नजानुहोस्, कि मत दिई हात थिचेर एनजीओमा जानुहोस् र हातको नि:शुल्क औषधि गर्ने व्यवस्थाको लागि केहीलाई जागिर दिनुहोस् । विदेशीहरुले तपाईंको सकृति परम्परासँग पैसा र सेवा साटेर तपाईंको केही दु:ख निवारणको लागि पेनकिलर दिनेछन् । अन्यथा के विकल्प छ ? राजनीतिक जीवनको बलियो हक मतलाई नै सदुपयोग गर्न नसक्नु भनेको देशको मृत्युपत्रमा हस्ताक्षर गर्नुबराबर हो ।

जनसांख्यिकी, विदेशमा बस्न जाने, विविध कारणले देश उजाड बन्ने अवस्था भएपछि पनि सिमाना र नामले मात्र देश बुलन्द बन्छ र ? त्यसैले मतलाई मनले बाँधेर ठीक ठाउँमा दिऔं । पुरानामध्ये नाम चलेका र भ्रष्टाचारमा संलग्न नभएका उम्मेदवारहरुलाई प्रतिपक्षमा बस्नको लागि सम्म मत दिने कार्य अलग हो ।

संघर्ष, हत्या, अनगिन्ती आशाहरुको लागि धेरै आशाहरुको बलिदान, सम्पत्ति तहसनहस तर परिणाममा नेपालीहरु देशमा बस्ने वातावरण नभएकोले विदेश जाने लर्को, यही हो अहिलेको समसामयिक अवस्था । बलिदान भएका आशा फर्केर नआउने र दिएका आशाहरु कहिल्यै पूरा नहुने तर हामी उनीहरुकै पछि लाग्ने अवस्था र बाध्यता वा बुद्धुपन हाम्रा सटिक परिस्थिति हुन् ।

नेपालीहरुका ती आशाहरु कहाँ गए ? के सबै आन्दोलन, हत्या, बलिदानहरु दलका नेताहरुलाई ठूला बनाउन, भ्रष्टाचार गर्न, पद र पैसाको लागि विदेशीसँग झुक्नको लागि नै थियो त ? योभन्दा ठूलो दु:ख के होला ? कतिपयलाई अहिले पनि थाहा छ कि धेरै नेताहरुको गलत कार्यले देशलाई दुर्दसामा लगेको हो तर पनि गुजाराको लागि उनीहरुको पछि लाग्नुपरेको छ, या लोभको लागि पछि लाग्ने कार्य भएको छ ।

नेताहरुले गरेका गल्तीहरुले बेकारमा जनधनको क्षति भए पनि, भ्रष्टाचार गरेर देशलाई बरबात गरे पनि उनीहरुले राम्रो गरेका हुन् भनेर उनीहरुको पक्षमा पैरवी गर्नेहरुको पनि जमात छ । के यही हो नियति ? हजारौं उदाहरणहरुमा एउटा मात्र उदाहरण दिँदा एउटा पाउडर दूध उद्योगसमेत राम्रोसँग चल्न सकेको छैन । किसानहरुको उत्पादित दूध धेरै भएकोले व्यवस्थापन गर्न कठिन भएको छ । दूधलाई दूध उद्योगमा लग्दा पाउडर दूध बिक्री नहुनाले किन्न सक्दैनौं भन्ने गरेको र उद्योगमा पाउडर दूध बिक्री नभएर बिग्रने अवस्थामा पुगेको देख्न सकिन्छ ।

हल्लैहल्लाको यो देशमा सत्य हो कि होइन, थाहा छैन तर नियोजित किसिमले दूध सडकमा पोख्न लगाएर किसानमा दूध उत्पादनमा निराशा ल्याउने र नेपालमा दूध उत्पादन कम गराउने षड्यन्त्र हो, त्यसपछि विदेशबाट दूध ल्याउने बाटो खोल्न सकिन्छ भनेर गरिएको कार्य हो भन्ने पनि गरिएको छ । कता कसको विश्वास गर्ने ? देशमा पउडर दूध उद्योगको त्यो हाल छ । बजारमा विदेशी पाउडर दूधको एकाधिकार छ । बजार व्यवस्थापन छैन ।

नेपाली पाउडर दूध जतिमा पाइन सक्छ, त्योभन्दा कम्तीमा पचास प्रतिशत महँगो पाउडर दूध बजारमा पाइन्छ । यो कस्तो विडम्बना हो ? तरकारीहरु मात्र हैन, कतिपय पहाडी जिल्लाका बस्तीहरुमा उत्पादित चामल बिक्री गर्न गाह्रो छ तर विदेश प्याक गरिएको चामल राम्रोसँग बिक्री भएको देखिन्छ । हामी कता जाँदै छौं ? शायद बाहिर रुमाले तर भित्र गुन्द्रुक उमाले भनेको त्यही हो कि ? बाहिर राष्ट्रियता, विदेशीहरुको विरोध, छिमेकी विस्तारवाद, नेपाली एक हौं जस्ता रुमाले नारा लगाउने, हामीलाई मूर्ख बनाउने र भित्र विदेशीको दलाली भएको उनीहरुको व्यवहारबाट अनुमान गर्न सकिन्छ ।

कुनै एक नेतालाई अप्रमाणित वा प्रमाणित नै हुन गएमा पनि कम सजाय हुने खालको आरोपमा थुन्न हतार भएको छ । भ्रष्टाचार गर्ने, नेपालीलाई विदेशी शरणार्थी भनेर विदेश पठाउने, सरकारी जग्गाको दुरुपयोग गर्नेजस्ता अनगिन्ती गल्ती गर्नेहरुलाई सजायको दायरामा ल्याउने कुनै संकेत छैन । बरु गल्ती गरेर हालिमुहाली गर्नेहरुले गल्ती गर्ने अधिकार हाम्रो मात्र हो भनेजस्तो गरेर जनतामा राम्रो छाप रहेकालाई दु:ख दिने काम भएको छ ।

यद्यपि यो कार्य दु:ख दिनेहरुका लागि प्रत्युत्पादक नै भएको देखिएको छ । जनताले एकताबद्ध बन्ने अवसर पाएको जस्तो देखिएको छ । जनताले देश बिगार्नेलाई चिनेका तर विकल्प नभएकोले निराश भएकामा अब विकल्प देखिएकाले सकारात्मक बन्न खोजेका हुन् कि भन्ने संकेत हालको जनउभारको आधारमा पनि मान्न सकिन्छ । यो लोकतन्त्रप्रति नै जनताको अविश्वास हुनबाट रोक्ने अवसर पनि हो ।

हामीलाई थाहा छ, दलहरु र नेताको पछि लाग्नभन्दा देश र लोकतन्त्रको सकारात्मक प्रयोगबाट लोकतन्त्रमा जनविश्वास रहनु महत्वपूर्ण हुन जान्छ । देशमा जग्गा बाँझो राख्ने र नागरिकलाई विदेश पठाएर त्यहाँबाट आएको पैसाले उनीहरुका परिवारले विदेशी सामान, खाद्यान्नसमेत किन्न पर्ने र त्यही रेमिट्यान्सबाट देश चल्ने र विदेशी मुद्राको सञ्चय भएको अवस्थाले आर्थिक मेरुदण्ड सबल बनाउन प्रयास गर्ने कार्य कहिलेसम्म हुने हो ?

नेता, कार्यकर्ता, दलका विचारक, दलका विद्वान् भनिनेहरुले दलको दार्शनिक आदर्श, मेरो दल राम्रो, मेरो मात्र धर्म राम्रो भन्ने र देशमा भने जहिले पनि हरेक संघर्ष र आन्दोलनपछि अझै नराम्रो भौतिक र मानसिकताको विकास हुनाले तिनीहरुलाई बोक्ने र भोट दिनेहरुसमेतलाई भाट, गलतहरु र देशलाई बिगार्नेहरुलाई बोक्ने गधाहरु हौ, तिमीहरु पनि उत्तिकै बेइमान हो भन्ने अवस्था आएको छ । दलका नेताहरुको प्रशंसा गर्न बानी परेका एडिक्टहरु विद्वान् हुन् कि नेताहरुको गल्ती छोप्न प्रयास गर्ने रोबोट हुन् भन्ने चिन्न पनि कठिनाइ भएको छ ।

यो विचारले, यसरी, उसरी देश बनाउने भन्ने हनुमानहरुका गाथाहरुको परिणाम यही हो त ? मान्छे मारेर चोकमा ठूलो काम गरेको गफ दिने, मानिसहरु विदेशमा गएर दु:ख गरेर पैसा पठाएकोमा देशमा विदेशी पैसाको सञ्चितीको गफहरु धेरै छन् । गाउँ, बस्ती उजाड बनाएर क्रान्ति गर्नेहरु अझै सत्ता गुमेको भनेर आन्दोलन गर्ने भाषण गरिरहेका छन् ।

अब पनि हतियार बोकेर मानिसलाई त्रास दिने हो भने शहरहरु पनि खाली हुन थाल्नेछन्, देशको जनसंख्या तहसनहस हुनेछ । त्यसपछि कहाँबाट जनता ल्याएर शासन गर्न खोजिएको हो ? देशै अन्यथा हुने सम्भावनाको शुरुवात हुने त होइन ? विचार त देश र समाजको हित एवं विकासको लागि, रोजगारी र आम्दानीको वृद्धि गर्नको लागि हुनुपर्नेमा त्यो आशा नै छैन ।

भन्न मन लाग्छ- हे ऐरुगैरु नथ्थु खैरु हो, तिमीहरुका विचार र भाषणहरु त जनता ठग्ने माध्यम मात्र भए । बन्दाबन्दै भत्कने पुल बनेका छन्, कतिपय सडकहरु बनेको दिनमा नै पाप्रा जानेछन्, नचाहिने ठाउँमा अर्बौं खर्च भएका छन् । गरिबहरु बिरामी हुँदा सिटामोल नपाएर मरेका छन् र कतिपयहरु काम र माम नपाएर सके अन्यत्र नसके भारतमा भरियासम्म बन्न पनि पुगेका छन् । विदेशीले नेपालीको नाममा दिएका ऋणको दुरुपयोग गरिएको छ र कमिसन तथा भ्रष्टाचार भएका छन् । नेताहरु विदेशीको ऋण नेपालीको टाउकोमा थपेर विकास गरेको भन्दै त्यसमा पनि कमिसन लिएर नराम्रो काम गर्दै हामीलाई मूर्ख पनि बनाइरहेका छन् । सावधान !

*(स्रोत: न्यूज अफ नेपाल)*

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### मकवानपुर प्रहरी

| | |
|---|---|
| प्रहरी कन्ट्रोल: | १०० |
| जिल्ला ट्राफिक: | ५२०५९९ |
| वडा प्रहरी: | ५२०२९९ |
| पशुपतिनगर इलाका: | ५२०५९८ |
| पालुङ इलाका: | ६२०४६७ |
| मनहरी इलाका: | ९८५५०९०१६१ |
| इलाका फापरबारी: | ६२१९८० |
| इलाका भीमफेदी: | ६९१४६२ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ |
| चित्लाङ चौकी: | ६९२००० |
| चौघडा चौकी | ९८४४०५४६०४ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ |
| फाखेल चौकी: | ९८४५०३१३९८ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ |

### एम्बुलेन्स सेवा

| | |
|---|---|
| नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| हेटौंडा अस्पताल: | ५२०३०५ |
| परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| भीमफेदी रेडक्रस: | ६२०६९९ |
| पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| बारुण यन्त्र: | १०१ |
| बाल हेल्पलाइन नेपाल: | १०९८ |
| माइती नेपाल: | ५२१०५० |
| अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक

## भोलिको पात्रो

भोलि वि.सं. २०८१ मंसिर ५ गते बुधबार २० नोभेम्बर २०२४ । पञ्चमी, मार्ग कृष्णपक्ष । कछलागा ११४५ ने.सं. । सूर्योदय ६:३०, सूर्यास्त ५:०८ । विश्व बाल दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | : सहयोग गर्ने भावना आउनेछ | तुला | : मित्रसंग विवाद हुनसक्नेछ |
| वृष | : यात्राको लागि सुखद देखिन्छ | वृश्चिक | : धन खर्च हुनेछ |
| मिथुन | : रमाइलोको समय रहेको छ | धनु | : भेटघाटमा समय बित्नेछ |
| कर्कट | : शरीरमा समस्या देखिन सक्नेछ | मकर | : सम्पत्तिको खचपच हुनेछ |
| सिंह | : सामाजिक प्रतिष्ठा बढ्नेछ | कुम्भ | : सुखभोगको समय रहेकोछ |
| कन्या | : सानातिना अवरोध आइरहनेछ | मीन | : आर्थिक लाभ मिल्नेछ |

# कानूनमा दोहोरोपन : एउटै मामिलामा थरीथरी प्रावधान

काठमाडौं/कानूनमा द्विविधा वा दोहोरोपना रहनुहुँदैन भन्ने विधिशास्त्रीय मान्यता छ । नेपाल कानून आयोगका पूर्वप्रमुख माधव पौडेलका अनुसार, दोहोरो कानूनी व्यवस्थाले आम नागरिक र कार्यान्वयन गर्ने निकाय वा व्यक्तिलाई द्विविधामा पार्छ । तर, नेपालको अभ्यासमा कानूनमा दोहोरोपनाको समस्या रहँदै आएको छ ।

कानून न्याय तथा संसदीय मामिला मन्त्रालयका अनुसार, नेपालको कानूनी प्रणालीमा संहिताबद्ध र विशिष्टीकृत कानूनको मिश्रित स्वरुप छ । हाल नेपालमा ३४३ वटा ऐन छन् । मुलुकी देवानी संहिता, मुलुकी देवानी कार्यविधि अपराध संहिता, मुलुकी फौजदारी कार्यविधि संहिता तथा सजाय निर्धारण ऐन गरी पाँच वटा संहिता कार्यान्वयनमा छन् ।

तीन वटै तहको सरकारले कानून बनाएर लागू गर्छन् । यस्तोमा एउटै विषयमा एकै तहबाट समेत एकभन्दा बढी कानून बनाउने प्रवृत्ति छ । यसले कानूनमा दोहोरोपनाको समस्या देखिएको छ । नेपाल कानून आयोगका अनुसार संहिताकृत गरिएका कानूनमा समेटिएका कतिपय विषयहरू विशेष ऐनबाट समेत व्यवस्थित गरिएको छ । कतिपय विषय एकभन्दा बढी विशेष ऐनमा समावेश छन् ।


उदाहरणका लागि बालबालिकाको जन्मदर्ता गराउने सम्बन्धमा मुलुकी देवानी संहिताको दफा ११३ को उपदफा (१) मा रहेको व्यवस्था र राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ को दफा १८ मा गरिएको व्यवस्थाको उद्देश्य र प्रयोजन एउटै छ, तर कानूनी व्यवस्था फरक छ । दुवै कानूनमा जन्मदर्ता कति अवधिमा गर्ने भन्ने सन्दर्भमा फरक फरक व्यवस्था छ । देवानी संहितामा जन्मदर्ता तीन महिना भित्र गर्न सकिने भनिएको छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐन, २०७६ मा पैंतीस दिनभित्र जन्मदर्ता गर्नुपर्ने व्यवस्था छ ।

जन्मदर्ता कसले गर्ने भन्नेमा पनि फरक व्यवस्था छ । देवानी संहितामा बालबालिकाको जन्मदर्ता गर्न बाबु-आमाले निवेदन दिनुपर्ने व्यवस्था छ । राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण ऐनमा बाबु वा आमाले र निजहरूको अनुपस्थितिमा परिवारको १८ वर्ष उमेर पुगेको व्यक्तिले निवेदन दिनसक्ने भनिएको छ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ ले व्यक्तिगत घटना दर्ताको अधिकार स्थानीय सरकारलाई दिएको छ । जसअनुसार जन्म, मृत्यु, विवाह, सम्बन्धविच्छेद, बसाइँसराइ दर्ता र पारिवारिक लगतको अभिलेख गाउँपालिका तथा नगरपालिकाले राख्दछन् । यसरी व्यक्तिगत घटना दर्ताको एउटै विषयलाई तीन वटा कानूनमा राखिएको छ ।

बालबालिकाको नाम पछाडि राखिने थरको विषय पनि एकभन्दा बढी ऐनमा समेटिएका छन् । बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ४ र मुलुकी देवानी संहिता २०७४ को दफा १११ को उपदफा (३) मा बालबालिकाको थर आमाको वा बाबु कसको कायम गर्ने भन्ने सम्बन्धमा समान प्रकृतिको व्यवस्था छ । दुवै कानूनमा बालबालिका जन्मेपछि प्रचलित कानून बमोजिम दर्ता गर्नुपर्ने, बालबालिका जन्मेपछि निजको बाबु-आमाको सहमतिबाट राखिएको थर वा सहमति हुन नसकेमा बाबुको थर राखिने व्यवस्था छ ।

यसरी एउटै विषय वा समान प्रकृतिको व्यवस्था फरक-फरक कानूनमा राखेर कानून बनाइरहँदा एकातिर राज्यको स्रोतसाधन तथा लगानीको सही उपयोग हुन सकिरहेको हुन्न । अर्कोतिर कुन कानून लागू हुन्छ भनेर आम नागरिक अन्योलमा पर्छन् भने कानून कार्यान्वयन गर्ने निकाय वा व्यक्तिलाई समेत जटिलता उत्पन्न हुन्छ ।




कानून आयोगका पूर्वअध्यक्ष पौडेल भन्छन्, 'कतिपय अवस्थामा त्यही अन्योलको फाइदा उठाई कानूनको गलत व्याख्या वा स्वार्थ अनुकूल व्याख्या गरेर व्यक्तिगत स्वार्थ पूरा गर्ने अवस्था रहन सक्छ ।'

**आवासको अधिकार र जग्गा प्राप्ति**

संविधानको धारा २८ मा गोपनीयताको हक सम्बन्धी व्यवस्था छ । यो हक कार्यान्वयन गर्ने सम्बन्धी विषय एकभन्दा बढी ऐनमा छ । मुलुकी देवानी संहिता २०७४, मुलुकी अपराध संहिता, २०७४ वैयक्तिक गोपनीयता सम्बन्धी ऐन २०७५ र बालबालिका सम्बन्धी ऐन, २०७५ लगायतका ऐनहरूमा यस सम्बन्धी व्यवस्था छ । मुलुकी देवानी संहिता २०७४ को दफा २१ मा गोपनीयताको अधिकारलाई देवानी दायित्वको रूपमा व्यवस्थित गरी गोपनीयता सम्बन्धी विविध अधिकार मध्ये आवासको गोपनीयतालाई समेटिएको छ । उक्त अधिकार उल्लंघन हुनपुगे दफा २६ अन्तर्गत उच्च अदालत वा जिल्ला अदालतमा उजुरी दिन सकिन्छ ।

यही विषय वैयक्तिक गोपनीयता सम्बन्धी ऐन २०७५ को दफा ७ मा पनि छ । जहाँ प्रत्येक व्यक्तिलाई निजको आवासको गोपनीयताको अधिकार हुने, खानतलासी लिन अधिकार प्राप्त अधिकारी वा निजको आदेश बमोजिम बाहेक कुनै पनि व्यक्तिको आवासमा प्रवेश गर्न, गराउन वा खानतलासी लिन वा लिन लगाउन नपाइने प्रावधान छ । यो प्रावधान विपरीत खानतलासी गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने व्यवस्था छ ।

बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ११ को मा पनि प्रत्येक बालबालिकालाई निजको आवास सम्बन्धी विषयमा गोपनीयताको अधिकार हुने व्यवस्था छ । कुनै व्यक्ति, संस्था वा निकायले यो अधिकारको उल्लंघन गरेमा त्यस्तो व्यक्ति वा संस्था वा निकायको प्रमुखलाई ५० हजार रुपैयाँसम्म जरिवाना हुने प्रावधान छ ।

यसरी आवासको अधिकारको संरक्षण गर्ने सम्बन्धमा एउटै विषयमा तीन वटा ऐनमा फरक-फरक व्यवस्था गरिएको छ । जग्गा प्राप्ति वा अधिग्रहण र क्षतिपूर्तिका सम्बन्धमा पनि विभिन्न कानूनमा व्यवस्था रहेको देखिन्छ ।

संविधानको धारा २५ को उपधारा (२) मा 'सार्वजनिक हितका लागि बाहेक राज्यले कुनै व्यक्तिको सम्पत्ति अधिग्रहण गर्ने, प्राप्त गर्ने वा त्यस्तो सम्पत्ति उपर अरू कुनै प्रकारले कुनै अधिकारको सिर्जना गर्ने छैन' भनिएको छ । तर, कुनै पनि व्यक्तिले गैरकानूनी रूपले आर्जन गरेको सम्पत्तिको हकमा यो उपधारा लागू नहुने व्यवस्था छ ।

सार्वजनिक हितको लागि व्यक्तिको जग्गा लिंदा त्यसको क्षतिपूर्ति दिनुपर्छ । क्षतिपूर्ति निर्धारण सम्बन्धी व्यवस्था एकभन्दा बढी कानूनमा समेटिएको छ । ती ऐनहरू हुन्- अचल सम्पत्ति अधिग्रहण ऐन २०१३, क्षतिपूर्ति ऐन, २०१९ र जग्गा प्राप्ति ऐन, २०३४ । यी ऐनहरूले सार्वजनिक हितको लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय सरकारलाई आवश्यक भएमा जग्गा अधिग्रहण गर्न सक्ने व्यवस्था छ ।

अचल सम्पत्ति अधिग्रहण ऐन २०१३ को दफा ३ मा नेपाल सरकार प्रदेश सरकार तथा स्थानीय तहलाई अचल सम्पत्ति आवश्यकता परेको वा पर्ने सम्भावना छ र त्यसलाई अधिग्रहण गर्नुपर्छ भन्ने सरकारलाई लागेमा ३५ दिन भित्र अधिग्रहण गर्नु नपर्ने कारण भए पेश गर्नु भनेर सूचना प्रकाशन गर्न सक्ने प्रावधान छ । यस्तो सूचना निस्किएपछि व्यक्तिले सरकारको स्वीकृति विना उक्त जग्गा बेच्न पाउँदैन । क्षतिपूर्ति निर्धारणमा निश्चित सिद्धान्त उल्लिखित छन् । जस अनुसार अचल सम्पत्तिको धनीले नेपालको नागरिक रहेको तर नेपाल राज्यबाहिर बसोवास गर्ने गरेको रहेछ भने सरकारको त्यस्तो धनीलाई कुनै क्षतिपूर्ति नदिएर पनि यस्तो सम्पत्ति अधिग्रहण गर्न सक्छ ।

क्षतिपूर्ति ऐन २०१९ को दफा ३ मा सार्वजनिक हितको लागि कुनै सम्पत्ति प्राप्त गर्न आवश्यक सम्झेमा नेपाल सरकारले प्राप्त गर्न सक्ने व्यवस्था छ । त्यस्तो सम्पत्तिको क्षतिपूर्ति सरकारबाट तोकिएको अधिकारीले निर्धारण गर्न सक्ने व्यवस्था छ । यसरी निर्धारण गरिएको क्षतिपूर्ति चित्त नबुझे सूचना पाएको मितिले ३५ दिनभित्र सरकारमै उजुर गर्न सक्छन् र सरकारबाट भएको निर्णय अन्तिम हुने व्यवस्था छ ।

जग्गा प्राप्ति ऐन २०३४ को दफा ३ मा पनि सरकारले कुनै सार्वजनिक कामको निमित्त कुनै जग्गा प्राप्त गर्न आवश्यक ठहऱ्याएमा मुआब्जा दिने गरी जुनसुकै ठाउँको जतिसुकै जग्गा प्राप्त गर्न सक्ने व्यवस्था छ । अचल सम्पत्ति अधिग्रहण ऐन २०१३ को दफा ८ को उपदफा (२) मा अधिग्रहण गरिएको सम्पत्ति फुकुवा गर्न सकिने र निश्चित अवधिको लागि समेत अधिग्रहण गर्न सकिने व्यवस्था छ । जग्गा प्राप्ति ऐन २०३४ दफा ३ मा कुनै सार्वजनिक कामको लागि र दफा ४ मा कुनै संस्था समेतको लागि जग्गा प्राप्त गर्न सकिने व्यवस्था छ ।

**काम गर्ने उमेर र ज्याला**

नेपालमा काम गर्ने र उमेर ज्याला सम्बन्धी विषय पनि एकभन्दा बढी कानूनमा उल्लेख छ । मुलुकी देवानी संहिता २०७४ को दफा ६४) मा कम्तीमा १४ वर्ष उमेर पुगेको कुनै व्यक्तिलाई निजको मञ्जुरी लिई काममा लगाउन सकिने व्यवस्था छ । तर, १६ वर्ष उमेर पूरा नगरेको व्यक्तिलाई जोखिमपूर्ण व्यवसाय वा काममा लगाउन नसकिने भनिएको छ । बालश्रम (निषेध र नियमित गर्ने ऐन २०७४ को दफा ३ को उपदफा (१) मा कसैले पनि १४ वर्ष उमेर पूरा नगरेको बालकलाई श्रमिकको रूपमा काममा लगाउनु नहुने उल्लेख छ । बालबालिका सम्बन्धी ऐन २०७५ को दफा ७ मा चौध वर्ष मुनिका बालबालिकालाई जोखिमपूर्ण काममा लगाउन वा घरेलु कामदार वा कमलरीको रूपमा राख्नु नहुने उल्लेख छ ।

काम गर्ने समयको सम्बन्धमा पनि एक भन्दा बढी ऐनमा एकै प्रकृतिका विषय उल्लेख छ । जस्तो कि मुलुकी देवानी संहिता २०७४ को दफा ६४३ मा कसैले कुनै व्यक्तिलाई काममा लगाउँदा सामान्यत: एक दिनमा आठ घण्टाभन्दा बढी अवधिको लागि काम लगाउन नपाउने व्यवस्था छ ।

त्यस्तै श्रम ऐन २०७४ को दफा २८ मा पनि रोजगारदाताले श्रमिकलाई प्रति दिन आठ घण्टा र एक हप्तामा ४८ घण्टाभन्दा बढी समय हुने गरी काममा लगाउन नपाइने व्यवस्था छ । देवानी संहिता, २०७४ को दफा ६४६ ले काम लगाउनेले काममा लगाए बापत काम गर्ने व्यक्तिलाई भुक्तानी दिनुपर्ने व्यवस्था गरेको छ भने श्रम ऐन २०७४ को दफा ३५ ले रोजगार दाताले श्रमिकलाई पारिश्रमिक भुक्तानी गर्दा रोजगार सम्झौतामा उल्लेख भए बमोजिम हुने भनिएको छ । जुनसुकै तरिकाले वा अवस्थामा काममा लगाए पनि काममा लगाएपछि पारिश्रमिक दिनुपर्ने व्यवस्था बाध्यकारी छ ।

काम गर्ने वातावरणको सम्बन्धमा पनि फरक फरक ऐनमा एकै प्रकृतिका प्रावधान उल्लेख छन् । मुलुकी देवानी संहिता २०७४ को दफा ६४२ अनुसार कसैले कुनै व्यक्तिलाई काममा लगाउँदा त्यस्तो कामको प्रकृति अनुसार काम गर्दा हुनसक्ने जोखिम वा खतरा निवारणका पर्याप्त सुरक्षात्मक उपायहरूको व्यवस्था गरेर मात्र काममा लगाउनुपर्ने हुन्छ ।

त्यस्तै श्रम ऐन, २०७४ को दफा ६९ को उपदफा (१) मा श्रमिकलाई आवश्यकता अनुसार सुरक्षा र स्वास्थ्य सम्बन्धी आवश्यक सूचना, जानकारी र तालिम प्रदान गर्नु, रोजगारदाताको श्रमिकप्रतिको कर्तव्य हुने उल्लेख छ ।

**गर्भपतनको अधिकार र कसुर**

गर्भपतनको अवस्था र अधिकारबारे एकभन्दा बढी कानूनमा व्यवस्था गरिएका छन् । मुलुकी अपराध संहिता, २०७४ को दफा १८९ मा चार वटा अवस्थामा गर्भवती महिलाको मञ्जुरीमा स्वास्थ्यकर्मीले गर्भपतन गराउन सक्ने व्यवस्था छ । सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन, २०७५ को दफा १५ मा चाहिं पाँचवटा अवस्थामा महिलाले गर्भपतन गर्न पाउने गरी अधिकारको रूपमा स्थापित गरेको छ । दुवै ऐनमा महिलाको मञ्जुरीमा बाह्र हप्तासम्मको गर्भपतन गर्न सक्ने व्यवस्था छ ।

सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ को दफा १५ मा २८ हप्तासम्म गर्भपतन गर्न सक्ने व्यवस्था छ ।तर यो ऐन अनुसार गर्भपतन नगराएमा गर्भवती महिलाको ज्यानमा खतरा पुग्न सक्ने, बच्चाको शारीरिक वा मानसिक स्वास्थ्य खराब हुन सक्ने, विकलाङ्ग जन्मन सक्ने र रोग प्रतिरोधक क्षमता उन्मुक्ति गर्ने जीवाणु (एचआईभी) वा त्यस्तै प्रकृतिको अन्य निको नहुने रोग शरीरमा भएकी महिलाको मञ्जुरीले जहिलेसुकै गर्भपतन गर्न सक्छन् ।

यस्तै जबर्जस्ती करणी वा हाडनाता करणीबाट रहन गएको गर्भको हकमा संहिताले १८ हप्तासम्मको गर्भपतन गर्न सक्ने व्यवस्था गरेको छ भने सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ को दफा १५ ले २८ हप्ताको व्यवस्था गरेको छ ।

गर्भपतन सम्बन्धी कसुरको विषय पनि एकभन्दा बढी कानूनमा समेटिएको छ । मुलुकी अपराध संहिता २०७४ को दफा १८८ मा कसैले गर्भवती महिलालाई करकाप गरी वा धम्की दिई वा ललाई-फकाई वा प्रलोभनमा पारी गर्भपतन गराउन नहुने उल्लेख छ ।

त्यस्तै मुलुकी अपराध संहिताको दफा १८८ को उपदफा ५ अनुसार कसैले कुनै गर्भवती महिलाको ज्यान लिने प्रयास गर्दा महिला नमरी गर्भमा रहेको २५ हप्ता बढीको गर्भ पतन हुन गए सम्बन्धित कानून बमोजिमको सजायमा थप पाँच वर्षसम्म कैद हुनेछ । महिलासँगको कुनै पनि प्रकारको रिसइबीले गर्भपतन हुने कार्य गरेमा पनि सजाय हुन्छ । यस्तोमा बाह्र हप्तासम्मको गर्भ भए एक वर्षसम्म कैद, बाह्र हप्ताभन्दा बढी पच्चीस हप्तासम्मको गर्भ भए तीन वर्षसम्म कैद, पच्चीस हप्ताभन्दा बढीको गर्भ भए पाँच वर्षसम्म कैद सजाय हुन्छ ।

कसैले गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान गर्न र लिङ्ग पहिचान भएपछि गर्भपतन गर्न पाइँदैन । यसो गरिए कानूनी सजाय भोग्नुपर्छ । यस्तोमा गर्भपतन गराउने उद्देश्यले गर्भमा रहेको भ्रूणको लिङ्ग पहिचान गर्ने वा गराउनेलाई तीन महिनादेखि ६ महिनासम्म कैद सजाय हुन्छ । लिङ्ग पहिचान गरेपछि गर्भपतन गर्ने वा गराउनेलाई थप एक वर्षसम्म कैद सजाय हुन्छ ।

सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य अधिकार ऐन २०७५ को दफा १६ र १७ मा पनि उस्तै प्रकृतिका कानूनी व्यवस्थाहरू छन् । ऐनको दफा २६ मा रहेको सजाय समेत संहिताले व्यवस्था गरे सरहकै नै हुने प्रावधान राखिएको छ ।

**अख्तियारमा दोहोरोपन**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ र भ्रष्टाचार निवारण ऐन २०५९ मा उल्लिखित व्यवस्थाहरू एकआपसमा दोहोरो परेको देखिन्छ । यो दुवै ऐन संशोधन विधेयक हाल प्रतिनिधिसभा अन्तर्गतको राज्य व्यवस्था तथा सुशासन समितिमा दफावार छलफलमा छ । सांसदहरूले दुइटा ऐनलाई एउटै बनाउन सकिने प्रस्ताव गर्दा सरकारले अख्तियारलाई मूलभूत अधिकार प्रदान गर्ने भ्रष्टाचार निवारण ऐन तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको मातृ ऐनको व्यवस्था भनेर फरक-फरक ऐन नै उपयुक्त हुने तर्क गर्दै आएको छ । तर, यी दुवै ऐनमा दोहोरोपना एकभन्दा बढी विषयमा देखिन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# मधेश लोकसेवा आयोगको परीक्षा निष्पक्ष नभएको आरोप

जनकपुरधाम/मधेश प्रदेश लोकसेवा आयोगको परीक्षा निष्पक्ष नभएको परीक्षार्थीले गुनासो गरेका छन् । २०७८ सालमा भएको कृषि इन्जिनियर सेवा समूहको सातौं तहको लिखित परीक्षामा परीक्षार्थीबीच विभेद भएको खुलेको छ ।

मधेश लोकसेवा आयोगले कृषि समूह कृषि इन्जिनियरको सातौ तहको लिखित परीक्षा २२ मंसिर २०७९ मा लिएको थियो । जनकपुर धामको जानकी मध्यमिक विद्यालयको दुईवटा कोठामा परीक्षा भएको थियो । संचारकर्मीसँग सम्पर्कमा आएका केही परीक्षार्थीका अनुसार कोठा नं. एफ-४ मा लिइएको प्रथम पत्रको परीक्षामा क्याल्कुलेटर चलाउन अनुमति दिइएको थियो भने कोठा नं. एफ-५ मा क्याल्कुलेटर चलाउने अनुमति दिइएको थिएन ।

त्यसै दिन दुई घण्टापछि भएको दोस्रो पत्रको परीक्षामा एफ-५ मा क्याल्कुलेटर चलाउने अनुमति दिइयो भने एफ- ४ मा दिइएन ।

एकै परीक्षा केन्द्रमा एकै सेवा समूहको लागि कसरी दुई आदेश भयो, साथै केन्दीय लोक सेवा आयोग तथा प्रदेश लोक सेवा आयोगको नियम तथा नामावली बमोजिम परीक्षा नभएको स्पस्ट देखिएको भन्दै परीक्षार्थीहरु आफूहरू मार्कामा परेको गुनासो गरेका छन् ।

एक परीक्षार्थीका अनुसार त्यतिबेला परीक्षापछि यो विषय उठाउँदा आयोगका अधिकारीहरुले उल्टै धम्काएका थिए । पछि यस विषयमा निवेदन दिंदा आयोगले दर्ता समेत दर्ता गरेन । त्यस बेला आयोगका अध्यक्ष सुरेन्द्रप्रसाद यादव थिए ।

'हामी निवेदन दिन आयोगमा पुगेका थियौं । त्यस बेला अध्यक्षजी बाहिर हुनुहुन्छ । निवेदन दर्ता हुँदैन, तर यो परीक्षा रद्द हुन्छ भनेर हामीलाई आस्वस्त बनाएर आयोगले फर्कायो ।

दुईवर्षपछि त्यही निष्पक्ष नभएको परीक्षाको रिजल्ट प्रकाशित गरेको छ', एक परीक्षार्थीले भने, 'लोकसेवा आयोगमाथि कसरी विश्वास गर्नु ?'

त्यस बेला परीक्षार्थीले परीक्षा केन्द्रमा गार्ड बसेकासँग गरेको प्रश्नमा भिडियो र लोकसेवा आयोगको कार्यालयमा पुगेर गरेको गुनासोको भिडियो संचारकर्मीलाई प्राप्त भएको छ । जसमा खटेका एक गार्डले एकजना परीक्षार्थीले क्याल्कुलेटर प्रयोग गरेको स्वीकारेका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# दर्शक भेट्न हल पुगेका प्रदीप रावत भन्छन्, 'नेपाली कलाकार हुनुमा गर्व गर्छु'



काठमाडौं/फिल्म 'ह्रस्व दीर्घ'को प्रवर्द्धनका लागि नेपाल आएका भारतीय क्लाकार प्रदीप रावतले सोमबार कमलपोखरीस्थित बिग मुभिज पुगेर दर्शकसँग साक्षात्कार गरेका छन् । दिउँसो २:४५ बजेको शोमा फिल्म हेरेका दर्शकसँग उनले हलभित्रै गएर प्रतिक्रिया लिए । हाउसफुल रहेको हलमा उनको प्रवेश हुँदा दर्शकहरुले हुटिङ गर्दै प्रेम दर्शाएका थिए । उनी पनि प्रसन्न भावमा देखिए ।

उनले दर्शकहरुलाई फिल्म कस्तो लाग्यो भनेर सोधेका थिए । अधिकांशले 'बबाल' भन्दै हुटिङ गरे । उनले फिल्मलाई दर्शकहरुले दिएको प्रेम देखेरै आफू नेपाल आएको बताए । उनले भने, 'म एउटा काममा फसेको थिएँ । त्यो सुटिङ सरेपछि नेपाल आउन मौका मिल्यो । तपाईंहरुलाई भेट्नका लागि नै म आएको हुँ ।' उनीसँग हलमा फोटो खिच्न दर्शकहरुबीच हानाथाप चलेको थियो ।

हलभित्र दर्शकसँग साक्षात्कार गरेपछि उनले सञ्चारकर्मीहरुसँग कुराकानी गर्दै फिल्म राम्रो चलेको देख्दा खुसी लागेको बताए । 'निर्माता (नीता ढुंगाना र हरिहर अधिकारी)को मिहिनेत र त्यागलाई पशुपतिनाथले आशीर्वाद दिनुभएको छ । फिल्म एकदमै राम्रो चलिरहेको छ । म खुसी छु' उनले भने, 'यो पारिवारिक फिल्म हो । यसमा कुनै झमेला छैन । म यही भन्छु कि फिल्म हेर्न पूरै परिवार लिएर आउनुस् । यो सानदार फिल्म बनेको छ ।'

उनलाई पत्रकारले नेपाली कलाकार हुँदाको अनुभवबारे पनि प्रश्न सोधेका थिए । जसको जवाफमा उनले भने, 'म नेपाली कलाकार हुनुमा गर्व गर्छु । म पहाडी हुँ । नेपाल पनि पहाड नै छ । यसैले हाम्रो डीएनए मिल्छ । अलिअलि मेरो अनुहार पनि नेपालीसँग मिल्छ । मलाई नेपाली कलाकार बनाइ दिनुभएकोमा आभारी छु ।' उनले भोलिका दिनमा पनि नेपाली फिल्म खेल्न चाहने बताए ।

प्रदीप आइतबार साँझ श्रीमती कल्याणी रावतको साथमा काठमाडौं आइपुगेका हुन् । उनको नेपाल बसाई चार दिनको रहनेछ । उनी बुधबार दर्शकसँग साक्षात्कार गर्न नेपालगञ्ज जाने कार्यक्रम छ । उतैबाट उनी स्वदेश (भारत) फर्किने जनाइएको छ । यसअघि उनी फिल्मको छायांकनका लागि गत पुषमा नेपाल आएका थिए । फिल्ममा उनले अभिनेत्रीद्वय नीता ढुंगाना र गरिमा शर्माको बुबाको भूमिका निर्वाह गरेका छन् । यसमा उनको भूमिका महत्त्वपूर्ण छ ।

प्रदीपले हिन्दी, तमिल, तेलुगु, मलायलम, भोजपुरी लगायत विभिन्न भाषाका फिल्ममा काम गरेका छन् । उनलाई दर्शकमाझ चिनाएको फिल्म भने 'गजनी' हो । यसमा उनी नकारात्मक भूमिकामा देखिएका थिए । उनले साउथ स्टारहरु प्रभासदेखि अल्लू अर्जुनसम्मका फिल्ममा काम गरिसकेका छन् । उनले विभिन्न भाषाका गरी डेढ सय बढी फिल्म गरेका छन् ।

शुक्रबारबाट प्रदर्शनमा आएको 'ह्रस्व दीर्घ'ले उत्साहप्रद ओपनिङ गरेको थियो । अझ शनिबार हलमा दर्शकको उछाल देखियो । आइतबार पनि व्यापार राम्रो रह्यो । सोमबार सरकारले अचानक सार्वजनिक विदा दिएपछि दिउँसोबाट फिल्मको व्यापार देशभर बढेको छ । फिल्मले तीन दिनमा २ करोड ७५ लाख कमाई गरेको जनाइएको छ । फिल्मलाई प्राप्त प्रतिक्रिया सकारात्मक छ ।

# 'हरिबहादुरको जुत्ता'मा मुरलीधर मुख्य भिलेन



काठमाडौं/गायक समेत रहेका कलाकार मुरलीधरलाई दशैंमा रिलिज भएको फिल्म '१२ गाउँ'ले एकपटक फेरि चर्चामा ल्याएको छ । यसमा उनी नकारात्मक भूमिकामा प्रस्तुत भएका थिए । फिल्मले व्यावसायिक सफलता त पायो नै, उनको अभिनयलाई पनि दर्शकले रुचाए । अब उनी अर्को फिल्म 'हरिबहादुरको जुत्ता'मा आबद्ध भएका छन् । यसमा पनि उनी भिलेनकै भूमिकामा देखिनेछन् ।

आइतबार फिल्मका निर्माता सरोज वलीले मुरलीधरसँग लिखित सम्झौता गरेका हुन् । उनलाई मुख्य भिलेनमा अनुबन्धित गरिएको निर्माता वलीले जानकारी दिए । सम्झौताको क्रममा फिल्मका मुख्य कलाकार हरिवंश आचार्यसँग मुरलीधरको वर्षौंपछि भेट भएको थियो । उनीहरुबीच पहिलोपटक फिल्ममा सहकार्य जुरेको हो ।

मुरलीधरले २०७२ मा आएको 'भैरव'पछि करिब ८ वर्ष कुनै फिल्ममा काम गरेका थिएनन् । गत वर्ष प्रदर्शनमा आएको फिल्म 'काँडेतार'बाट उनको कमब्याक भएको हो । यसपछि उनले '१२ गाउँ'मा काम गरेका हुन् । यो फिल्मलाई उनले आफ्नो अभिनय करिअरको 'दोस्रो इनिङ' मानेका छन् । अब उनी निरन्तर फिल्म गर्ने योजनामा देखिन्छन् ।

दीपेन्द्र के. खनालको निर्देशनमा बन्न लागेको 'हरिबहादुरको जुत्ता'मा हरिवंश र मुरलीधरसँगै प्रकाश सपूत (गायक), स्वस्तिमा खड्का र प्रियंका कार्कीको पनि अभिनय रहनेछ । यसरी हेर्दा कलाकारको 'लाइनअप' रोचक देखिन्छ । यसमा पटकथा तथा संवाद लेखन हरिवंश आचार्य स्वयंको छ । आगामी माघ दोस्रो साताबाट काभ्रे जिल्लामा फिल्मको छायांकन हुने जनाइएको छ ।

# 'बागी ४'ले उठाउला टाइगरको डुब्दो करिअर ?

काठमाडौं/अभिनेता टाइगर श्राफको बलिउडमा उदय जति सानदार रह्यो, 'डाउनफल' त्यतिक्कै अत्यासलाग्दो रुपमा भइरहेको देखिन्छ । ३ वर्षयता उनका एकपछि अर्को ठूलो बजेटमा बनेका फिल्म बक्स अफिसमा डुबिरहेका छन् । जसले गर्दा उनको 'मार्केट भ्यालु' घटेको मात्र छैन, करिअर नै संकटको अवस्थामा पुगेको छ । उनलाई लिएर फिल्म बनाउन समेत निर्माताहरु हच्किएका छन् ।

सन् २०१४ मा आएको फिल्म 'हिरोपन्थी'बाट डेब्यु हुँदा टाइगरको चर्चा उत्कर्षमा थियो । छरितो एक्सन, उम्दा नृत्य र सुगठित शरीरका कारण उनी 'एक्सन स्टार' कहलिए । 'बागी', 'वार', 'बागी २' जस्ता फिल्म पनि सफल हुँदा उनको करिअर थप उचाइँमा पुग्यो । तर, त्यो उचाइँमा उनी लामो समय टिक्न भने सकेनन् । अहिले उनको ओरालो यात्रा सुरु भएको छ ।

टाइगरले ठूलो आशा गरेका तीन फिल्म 'हिरोपन्थी २', 'गणपति' र 'बढे मियाँ छोटे मियाँ' नराम्रोसँग डुब्न पुगे । यी तीनवटै फिल्म ठूलो बजेटमा निर्माण भएका थिए । उनको विशेष भूमिका रहेको तिहार रिलिज फिल्म 'सिंघम अगेन' समेत अपेक्षित रुपमा चल्न सकेन । जसले गर्दा उनको करिअरको सन्तुलन विग्रिएको छ । अब उनलाई एउटा जबर्जस्त हिट फिल्मको आवश्यकता देखिन्छ ।




सम्भवत: उनको हिट फिल्मको पखाई 'बागी ४'ले पूरा गर्न सक्छ । सोमबार यो फिल्मको निर्माण घोषणा गरिएको छ । फिल्मको घोषणासँगै सार्वजनिक पोस्टरमा टाइगर हिंसात्मक अवतारमा प्रस्तुत छन् । बाथरुमको कोमोडमा बसेका उनको शरीरभरि र भित्ताभरि रगतको छिर्का देखिन्छ भने एउटा हातमा धारिलो हतियार र अर्को हातमा मदिराको बोतल समातेका छन् । भुइँमा मान्छे ढलेका छन् । पोस्टरले फिल्म एक्सन-थ्रिलर हुने संकेत गर्छ ।

कन्नड निर्देशक ए हर्षको निर्देशनमा बन्न लागेको फिल्मलाई साजिद नाडियाडवालाले निर्माण गर्नेछन् । फिल्मको घोषणासँगै प्रदर्शन मिति पनि तोकिएको छ । यो फिल्म सन् २०२५ को सेप्टेम्बर ५ मा रिलिज हुनेछ । 'बागी'का यसअघि तीन श्रृंखला आइसकेका छन्, जसमध्ये पहिलो र दोस्रो भाग सफल रहे । तेस्रो श्रृंखला भने अपेक्षित चल्न सकेन । यद्यपि, फ्लप पनि भएन ।

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# सामुदायिक वनबारे जनप्रतिनिधि र नागरिक समाजसँग संवाद



साझाकुरा संवाददाता

हेटौंडा, ३ मंसिर/ सामुदायिक वनका विषयमा जनप्रतिनिधि, वनसमूहका पदाधिकारी, नागरिक समाजबीच समन्वयात्मक संवाद तथा समिक्षा भएको छ ।

सामुदायिक वन उपभोक्ता महासंघ नेपाल मकवानपुरको आयोजना तथा सामूदायिक वन अधिकारी सुनिश्चितता (टिएफ) परियोजनाको सहकार्यमा कार्यक्रम भएको हो । अन्तरक्रियामा हेटौंडा उपमहानगरपालिका, मनहरी गाउँपालिका र मकवानपुरगढी गाउँपालिकाको वन समूहका पदाधिकारीको सहभागिता रहेको थियो । महासंघ मकवानपुरका अध्यक्ष साधुराम चौलागाईको अध्यक्षाता तथा मकवानपुरगढी गाउँपालिका उपाध्यक्ष मानकुमारी पाखिनको प्रमुख आतिथ्यतामा कार्यक्रम भएको थियो ।

उपाध्यक्ष पाखिनले समुदायले नै वन जोगाएको र वन जोगाउन महिलाको महत्वपूर्ण भूमिका रहेको बताएकी छन् । उनले वन सरकार र जनप्रतिनिधिबीच सहकार्य नहुँदा मुद्दामामिलामा समेत परिरहेको बताइन् । विकास निर्माणको कार्यमा वन सरकार, वन महासंघ र स्थानीय सरकारको सहकार्य अनिवार्यता रहेको भन्दै वनसँग जोडिएका विषयवस्तुमा काम गर्न गाउँपालिका सधैं तत्पर रहेको उनको भनाई छ ।

कार्यक्रममा डिभिजन वन कार्यालय हेटौंडाका प्रमुख राकेशप्रसाद चन्द्रवंशीले निजी वन र सामुदायिक वन अझै व्यवस्थित भएर सञ्चालन गर्न आग्रह गरेका छन् । 'कर्मचारी अभाव छ, त्यही पनि हामीले समूहलाई प्यानमा आवद्ध गराउने, सभा राख्न लगाउने, सञ्चालन गर्न सघाउने गरिरहेका छौं', उनले भने, 'हामीकहाँ २० वटा जति समूह प्यानमा दर्ता भइसकेका छन् ।'

चन्द्रवंशीले वन समूहले कामकर्तव्य र अधिकारलाई मध्यनजर गरी काम गर्नुपर्ने बताए । प्रदेश सरकारले दीगो वन व्यवस्थापन कार्यविधि तयार गरिरहेको छ, त्यसलाई कार्यान्वयन गर्न जरुरी रहेको समेत बताए । वन हाम्रो अपरिहार्य रहेको भन्दै वनलाई व्यापारिक केन्द्र बनाउन नहुने सहभागीले जनाएका छन् । वनभित्रका समस्यालाई सहकार्यमार्फत् समाधान गर्नुपर्ने बताएका थिए ।

कार्यक्रममा महासंघका केन्द्रीय सदस्य रामहरि चौलागाई, हेटौंडा उपमहानगरपालिका वन तथा वातावरण समितिका संयोजक समेत रहेको १० नम्बर वडाध्यक्ष फुर्वादार्जे लामा, हेटौंडा-२ का वडाध्यक्ष विष्णुगोपाल महर्जन, ११ नम्बरका वडाध्यक्ष जुना दाहाल, मकवानपुर गढी-२ का वडाध्यक्ष बखानसिं पाखिन, ३ नम्बर वडाका वडाध्यक्ष भागवत घिमिरे, ४ नम्बरका वडाध्यक्ष अर्जुनप्रसाद तिमल्सिना, मनहरी गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत रमेश सुवेदी, महासंघ बागमती प्रदेश कोषाध्यक्ष नानीमैयाँ रुम्बालगायतको आतिथ्यता रहेको थियो ।

# प्रदेश खेलकुद परिषद्का सदस्यसचिव लामा सम्मानित

साझाकुरा संवाददाता

हेटौंडा, ३ मंसिर/ बागमती प्रदेश खेलकुद विकास परिषद्का सदस्यसचिव दीपक लामालाई राष्ट्रिय खेलकुद परिषद् (राखेप) कर्मचारी संघले आइतबार स्वागत तथा सम्मान गरेको छ ।

सदस्यसचिवमा नियुक्त भएका लामालाई सम्मान गरिएको संघले जनाएको छ । सो अवसरमा संघकी अध्यक्ष सरस्वती केसी र महासचिव कुमार बस्नेतले सदस्यसचिव लामालाई दोसल्लासहित मायाको चिनो प्रदान गरी सम्मान गरे । कार्यक्रममा राखेप कर्मचारी संघका पूर्वअध्यक्ष रञ्जन थापालगायत पदाधिकारीले सदस्यसचिव लामालाई बधाई दिँदै कार्यकाल पूर्णसफलताका लागि शुभकामना दिए ।

लामाले खेलकुदको विकास र विस्तारका लागि सबैसँग सहकार्य गरी अगाडि बढ्ने प्रतिबद्धता व्यक्त गर्दै खेल पूर्वाधारको संरक्षण ठूलो चुनौती भएको बताए । अध्यक्ष केसी र महासचिव बस्नेतले खेलक्षेत्रकै व्यक्तिलाई जिम्मेवारी दिएकोमा खुशी व्यक्त गर्दै सदस्ससचिव लामालाई बधाई दिए ।



मकवानपुरको पर्यटकीय गन्तव्य कुलेखानी अर्थात इन्द्रसरोवर तालसँगै जोडिएको गाउँका बारीमा फूलेको तोरी । बोटिङ स्पेशल, पदमार्गलगायत मनोरञ्जनका लागि जान सकिने कुलेखानीलाई यतिबेला फूलेको तोरीबारीले झनै मनमोहक बनाएको छ । यहाँ किसानले व्यावसायिकरुपमा छरेको तोरी फूल्न थालेको छ । कुलेखानी तालको आसपासका बारी यतिबेला तोरीको फूलले पहेँलिएको हो । *तस्बिर: विश्वबहादुर लामा ।*

# मकवानपुरे साइकलयात्रीले पूरा गरे मेचीकाली यात्रा




साझाकुरा संवाददाता

हेटौंडा, ३ मंसिर/ हिमालयन राइडर्स सोसाइटी मकवानपुरका ३ जना सदस्यले १० दिनमा मेचीमहाकाली साइकलयात्रा पूरा गरेका छन् ।

'जलवायु न्यायका लागि साइक्ल' भन्ने नारा लिएर मकवानपुरको परिचय दिँदै तीनजनाले मेची महाकाली साइकलयात्रा गरेका हुन् । गत कार्तिक २४ गते शनिबार मेचीपुलबाट साइकलयात्रा सुरु गरेर सोमबार महाकाली पुलमा पगेका हुन् । साइकलयात्रा सफलतापूर्वक सम्पन्न भएको सहभागीहरुले साझाकुरासँगको टेलीफोन सम्बादमा जानकारी दिएका छन् ।

हेटौंडाका ६९ वर्षीय कृष्णप्रसाद आचार्य, ६२ वर्षीय पृथ्वी रायमाझी र ५७ वर्षीय बरुण खतिवडाले मेचीमहाकाली यात्रा तय गरेका हुन् । साइकलयात्री मेचीनगर बाट यात्रा सुरु गरेको ४ दिनमा हेटौंडा आइपुगेका थिए ।

मेची-महाकाली साइकलयात्रीले पूर्वपश्चिम राजमार्गको १०३२ किलोमिटर साइकलयात्रा गरेका हुन् । दैनिक एकसय किमि साइकलयात्रा गरिएको उनीहरुले जानकारी दिएका छन् ।

# तेक्वान्दो प्रतियोगितामा मकवानपुरलाई तेस्रो स्थान

साझाकुरा संवाददाता



हेटौंडा, ३ मंसिर/ लमजुङ जिल्लामा भएको प्रथम मेयर कप मध्यनेपाल राष्ट्रिय खुल्ला तेक्वान्दो प्रतियोगितामा मकवानपुरे टोली तेस्रो भएको छ ।

मकवानपुरबाट इच्छा बिष्टले दोहोरो स्वर्णपदक प्राप्त गरिन् भने आरुषी पराजुली र आरुस थापाले एक/एक स्वर्ण र एक/एक कास्यपदक प्राप्त गरे । प्रतियोगितामा सहभागी आदित्या ढकाल, प्रिन्सप ढकाल र सौगात डिमडुङले स्वर्णपदक प्राप्त गरे । मकवानपुरे खेलाडी श्रीयान्सी पोखेलले रजतपदक प्राप्त गर्दा समृद्ध भण्डारी, प्रतीक तिमल्सिना, आर्यन चौधरी, सागर डिमडुङ, जिदान बानियाँ, आशिष घिसिङ र निकूस त्रिपाठीले रजतपदक प्राप्त गर्न सफल भए ।

लमजुङको भोर्लेटारमा आयोजना भएको राष्ट्रिय प्रतियोगितामा काठमाडौं प्रथम रुपन्देहीले दोश्रो स्थान पाउन सफल भएको थियो । मकवानपुर तेस्रो स्थानमा रहँदा चन्द्रागिरी टोली चौथो भएको थियो । १९ टीमको ४ सय ३४ जना खेलाडी सहभागी रहेको प्रतियोगितामा राष्ट्रिय तेक्वान्दो संघ गण्डकी प्रदेशको अध्यक्ष खड्गबहादुर गुरुङ र सचिव तेज कुँवरको विशेष सहयोग रहेको थियो । प्रतियोगितामा सहभागी हुन हेटौंडा उपमहानगर पालिकाले मकवानपुरे टोलीलाई सहयोग गरेको थियो ।

# निजीको अटेरी, सरकारी संस्थामा पीजी सिट थप्ने तयारी

काठमाडौं, ३ मंसिर/ निजी मेडिकल कलेजले चिकित्साशास्त्रको स्नातकोत्तर तह (पीजी) पढाउन अस्वीकार गरेसँगै सरकारले सरकारी अस्पतालमै सिट बढाउने तयारी गरेको छ ।

चिकित्सा शिक्षा आयोगले स्नातकोत्तर तह (पीजी) अन्तर्गतको एमडी, एमएस र एमडीएसका लागि सिट संख्या माग गर्न निजी मेडिकल कलेजलाई २१ भदौसम्मको समयसीमा दिएको थियो । तर पीजी पढ्ने विद्यार्थीलाई दिनुपर्ने निर्वाह भत्ताको विषयमा असहमति जनाउँदै निजी मेडिकल कलेजले आवेदन नै माग गरेका छैनन् ।

स्नातकोत्तर तह (पीजी) अन्तर्गतका आवासीय चिकित्सकलाई अधिंकाश निजी मेडिकल कलेजले कम तलब स्केलमा काम लगाएको भन्दै विरोध भएपछि चिकित्सा शिक्षा आयोगले तोकिएको भत्ता दिने निश्चित नभएका कलेजलाई सिट नतोक्ने निर्णय गरेको थियो ।

आयोगले गरेको निर्णय मान्न तयार नभएको जिकिर गर्दै निजी मेडिकल क्लेजका सञ्चालकले ६० लाख रुपैयाँमा मात्र पीजी कार्यक्रम पढाउन सक्ने जिकिर गरेका थिए । तर आयोगले भने पीजी पढ्ने विद्यार्थीलाई ८ औं तह मेडिकल अफिसर बराबरको निर्वाह भत्ता सुनिश्चित नभएसम्म निजी मेडिकल कलेजलाई सिट संख्या तोक्न नसकिने अडान राखेको छ ।

पीजीका लागि मेडिकल कलेज तथा प्रतिष्ठानहरुले स्वमूल्यांकन गरी आफ्ना संस्थामा कुन विषयमा कति सिट आवश्यक छ भनेर माग दाबी गर्दै चिकित्सा शिक्षा आयोगमा आवेदन दिनुपर्छ । त्यसको आधारमा आयोगले कलेजहरुको अनुगमन गरेर पिजीका लागि विद्यार्थी सिट निर्धारण गर्छ ।

आयोग उच्च स्रोतका अनुसार सरकारी अस्पतालले सिट संख्याको माग गरिसकेका छन् । यही हप्ता अनुगमनर निरीक्षण गरेर सिट संख्या तोक्न लागिएको छ । 'अघिल्ला वर्षभन्दा यस बर्ष सरकारी अस्पतालको क्षमता विस्तार भएको भन्दै केही सिट बढाएर माग्नुभएको छ', आयोग उच्च स्रोतले संचार कर्मीसँग भन्यो, 'शैक्षिक संस्थाको अनुगमन गर्दा पढाउने क्षमता भए हामीले सिट संख्या थप्ने योजना बनाएका छौं ।' तर आयोगले दिएको समयसीमा भित्र आवेदन नदिएका कारण निजी मेडिकल कलेजमा सिट संख्या तोक्न नसकेको आयोगका अधिकारीहरु बताउँछन् । गत वर्ष स्नातकोत्तर तह (पिजी) मा करिब एक हजार ३०० सिट छुट्याइएको छ । जसमध्ये १४ वटा निजी मेडिकल कलेजका लागि ७०० भन्दा बढी सिट छुट्याइएको थियो ।

तर यस वर्ष निजी मेडिकल कलेजले आवेदन नदिएका कारण एमडी, एमएस र एमडीएसका करिब ७०० सिट खेर जाने देखिएको छ । चिकित्सा शिक्षा आयोगले भने सरकारी अस्पतालको क्षमता भए केही सिट थप्न सकिने जनाएको छ ।

आयोगका उपाध्यक्ष डा. अञ्जनीकुमार झाले अहिलेसम्म सरकारी अस्पतालले माग गरेको सिट संख्याको फाइल नखुलेको प्रतिक्रिया दिए । 'आयोगले छिट्टै नै सरकारी संस्थाको अनुगमन गर्ने तयारी गरेको छ । त्यसपछि मात्रै कुन संस्थाले कति मागे भन्ने स्पष्ट होला', डा. झाले संचारकर्मीसँग भने ।

चिकित्सा क्षेत्रका विज्ञहरुका अनुसार, मेडिकल शिक्षाको पीजी अध्ययन अन्य विषय भन्दा फरक प्रकृतिको हुन्छ । एमबीबीएस अध्ययन पूरा गरी नेपाल मेजिकल काउन्सिलको परीक्षा पास गरेकाहरुले मात्र पीजी अध्ययन गर्न पाउँछन् ।

यो विशेष प्रकारको व्यावहारिक र सैद्धान्तिक तालिम हो, जसमा पूर्ण योग्यता प्राप्त चिकित्सकको निगरानी र निर्देशनमा काम गर्दै सिक्ने प्रक्रिया चलेको हुन्छ । बिरामीहरुको जाँच गर्दै सिक्ने हुनाले उनीहरुको कामबाट अस्पताल तथा मेडिकल कलेजहरुले आम्दानी पनि गरिरहेका हुन्छन् ।

तर, निजी मेडिकल क्लेजमा पीजी अध्ययनरत विद्यार्थीमाथि श्रम शोषण भइरहेको आवाज उठिरहेको छ । निजी मेडिकल कलेजले पीजी अध्ययनरत विद्यार्थीलाई मासिक १८ देखि २० हजार रुपैयाँ मात्र दिने गरेका छन् ।

स्वास्थ्य मन्त्रालयका अतिरिक्त सचिव डा. टंक बराकोटीको नेतृत्वको समितिले पनि आवासीय चिकित्सकमाथि श्रम शोषण भएको ठहर गरेको थियो । त्यही समितिले आवासीय चिकित्सकहरुलाई ८ औं तहको चिकित्सकको बराबर निर्वाह भत्ता दिन चिकित्सा शिक्षा आयोगलाई सुझाव दिएको थियो ।

पाँच वर्ष अध्ययन गरेर एमबीबीएस गरेको चिकित्सकलाई ८ औं तहको मेडिक्ल अफिसर सरहको सुविधा दिन सक्दिन भन्नु न्यायसंगत नभएको चिकित्साशास्त्र अध्ययन संस्थान (आईओएम) का पूर्वडिन डा. जगदीश अग्रवाल बताउँछन् । आवासीय चिकित्सकहरूको कार्यक्षेत्र र जिम्मेवारी व्यापक छ । उनीहरूले अस्पतालमा लगातार ३६ घण्टासम्म एक सिफ्टमा ड्युटी गर्नुका साथै आकस्मिक विभाग, वार्ड, बिरामी भर्ना, डिस्चार्ज, विभिन्न चिकित्सकीय प्रक्रियाहरू, नमूना संकलन, रिपोर्टिङ, परामर्श जस्ता महत्वपूर्ण काम गर्छन् ।

आवासीय चिकित्सकहरूको दैनिक जीवन अत्यन्त कठिन हुन्छ । एमबीबीएस र एक वर्षको इन्टर्नसिप पछि डाक्टरहरूले पोस्ट ग्र्याजुएट ( पीजी) अध्ययन गर्छन् । यो शैक्षिक कार्यक्रम विधा अनुसार ३ देखि ७ वर्षसम्म चल्न सक्छ । यो समयावधि विशेषज्ञ चिकित्सक बन्ने महत्वपूर्ण चरण हो, जहाँ उनीहरूले अधिकांश समय अस्पतालमै बिताउनुपर्ने हुन्छ ।

*(स्रोत: अनलाइनखबर)*

# मकवानपुरगढीले जित्यो मनहरी कप फुटबलको उपाधि




साझाकुरा संवाददाता

हेटौंडा, ३ मंसिर/ मकवानपुरगढी गाउँपालिकाको जेसीआई मकवानपुरढीले दोस्रो संस्करणको चैनपूर जेसीज कप फुटबल प्रतियोगितामा उपाधि जितेको छ ।

सोमबार मनहरी गाउँपालिका-४ मसिनेको गोलघर खेलमैदानमा भएको फाइनल खेलमा हेटौंडा-१९ को एफसी परेलीलाई १-० गोलअन्तरले पराजित गरी जेसीआई मकवानपुरगढीले च्याम्पियनसिप प्राप्त गरेको हो ।

प्रतियोगितामा विजेता टोलीले एक लाख ११ हजार एक सय ११ रुपैयाँ, शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता एफसी परेलीले ५१ हजार एक सय ५१ रुपैयाँसहित विभिन्न पुरस्कार प्राप्त गरेको छ । खेलको निर्णायक गोल गणेश हमालले दोस्रो हाफको २५ औं मिनेटमा गरेका थिए ।

प्रतियोगितामा १६ वटा टोलीले भाग लिएका थिए । जेसीआई मकवानपुरगढीले शुक्रबार एफसी नमोबुद्धलाई २-१ गोलअन्तरले हराएर फाइनलमा प्रवेश गरेको थियो भने एफसी परेलीले शनिबार मनहरी-५ लाई टाइब्रेकरमा ५-४ गोलअन्तरले पराजित गरी फाइनल यात्रा तय गरेको थियो । पुरस्कार वितरण समारोह चैनपूर जेसीजका अध्यक्ष रवीन ढकालको सभाध्यक्षतामा र मनहरी गाउँपालिकाका अध्यक्ष रञ्जन कालाखेतीको प्रमुख आतिथ्यमा सम्पन्न भएको छ ।

# जिल्लाका चार नेता एमालेमा प्रवेश

साझाकुरा संवाददाता



हेटौंडा, ३ मंसिर/ नेपाली कांग्रेस (बीपी)का जिल्ला सभापतिसहित नेकपा माओवादी केन्द्र र नेकपा एकीकृत समाजवादीका जिल्ला तहका नेताहरु नेकपा एमालेमा प्रवेश गरेका छन् ।

एमाले मकवानपुरको पार्टी कार्यालय हेटौंडामा भएको कार्यक्रमबीच बीपीका जिल्ला सभापति रमेश ढकाल, माओवादी केन्द्रका नारायण ढकाल तथा समाजवादीका सानुभाइ विश्वकर्मा र विनोद रिजाल एमाले प्रवेश गरेका हुन् । उनीहरुलाई एमाले मकवानपुर इन्चार्ज रामेश्वर राना, जिल्ला अध्यक्ष श्रीधर पोखरेल, उपाध्यक्ष हिदम लामासहितका नेताले एमालेमा स्वागत गरेका छन् ।

## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

### अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरू:**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



प्रबन्ध निर्देशक: टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-१, चौकीटोल (हिमालयन मोटर्स अगाडि)
सम्पर्क: ९८४५१७९४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

## हेटौंडा उपमहानगरपलिका
## नगर कार्यपालिकाको कार्यालय
### हेटौंडा, मकवानपुर
### बागमती प्रदेश, नेपाल

## युवा सहजकर्ता पदमा करार सेवाबाट पदपूर्ति गर्ने सम्बन्धी सूचना !

*(प्रथम पटक प्रकाशित मिति २०८१/०८/०४ गते)*

हेटौंडा उपमहानगरपालिकामा महिला लक्षित रोजगारीको लागि तयारी क्लव सञ्चालन गर्न युवा सहजकर्ता (पद संख्या १) खुल्ला प्रतिस्पर्धाबाट करारमा पदपूर्ति गर्नुपर्ने भएकोले तोकिएका योग्यता पुगेका इच्छुक नेपाली नागरिक (महिला)ले हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिका कार्यालय अन्तर्गतको राजश्व व्यवस्थापन शाखामा रु.७००।- (अक्षेरुपी सात सय मात्र) राजश्व दाखिला गरेको प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र हेटौंडा उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालयमा दरखास्त पेश गर्न रोजगारीको लागि महिला लक्षित क्लव सञ्चालन मापदण्ड, २०८१ बमोजिम यो सूचना प्रकाशन गरिएको छ ।

| क्र.सं. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १ | १/०८१-८२ | युवा सहजकर्ता | सहायक पाचौं वा सो सरह | १ (एक) |

**१. आवश्यक न्यूनतम योग्यता र अनुभव:-**
क) प्रविणता प्रमाणपत्र तह वा सो सरह उत्तिर्ण गरेको ।
ख) सामाजिक परीचालन वा सञ्चार वा श्रम बजार सम्बद्ध वा जीवनोपयोगी सीप तथा क्षमता विकास सम्बन्धी प्रशिक्षकको रुपमा कम्तीमा एक वर्षको अनुभव भएको ।
ग) नियुक्तिको लागि आवेदन दिने अवधि सम्म १८ वर्ष पुरा भई ५० वर्ष ननाघेको ।
घ) कुनै राजनितिक दलको सदस्य नरहेको स्वघोषणा गरेको ।

**२. दरखास्त दिने स्थान:-** हेटौंडा उपमहानगरपालिका, नगर कार्यपालिकाको कार्यालय
**३. दरखास्त दिने अन्तिम मिति:-** २०८१/०८/१८ गते सम्म
**४. निवेदनको दस्तुर:-** रु. ७००/- (अक्षेरुपी सात सय मात्र)
**५. छनौटको किसिम:-** प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन तथा लिखित परीक्षा ।
**६. आवेदनका साथ संलग्न हुनु पर्ने कागजातहरु:-** आवेदक स्यवम्ले प्रमाणित गरेको देहाय बमोजिम कागजातको प्रतिलिपिहरु:
क) नागरिकताको प्रमाणपत्र,
ख) शैक्षिक योग्यताको लब्धाङ्क प्रमाणपत्र,
ग) अनुभवको कागजात,
घ) तालिमको प्रमाणपत्र,
ङ) पासपोर्ट साइजको फोटो ३ (तिन) थान ।
**७. सेवा सुविधा :-** रोजगारीको लागि महिला लक्षित क्लव सञ्चालन मापदण्ड, २०८१ को परिच्छेद ४ बमोजिम (पाँचौं तहको शुरु तलव स्केल) हुनेछ ।
**८. परीक्षा मिति :-** पछि प्रकाशन गरिनेछ ।
**९. सम्पर्क :-** रोजगार संयोजक श्री विजन श्रेष्ठ (मो.नं. ९८४५६३२५७४)

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना